# अध्याय एक
# परिचय

## १.१ पृष्ठभूमि

शिक्षा नै विकास र उन्नतिको पूर्वाधार हो । यसैबाट मानव जातिको सभ्यता, संस्कृति र समुन्नति सम्भव छ । समयसापेक्ष शिक्षाको विकासमा नै समाज र राष्ट्रमा शान्ति, अमनचैन र उन्नति निर्भर गर्दछ । आज राष्ट्र र समाजलाई चाहिने गुण, स्वभाव, प्रकृति र परिवेशअनुसार शिक्षाको गुणात्मक तथा स्तरीय विकासका लागि प्रयास गर्नु आवश्यक छ । शिक्षाजस्तो पवित्र क्षेत्रमा हिंसा, हत्या र आतंकले स्थान पाउनु हुँदैन किनभने यस्ता प्रतिकुल क्रियाकलापका कारण मुलुक जटिलतातर्फ दिनानुदिन उन्मुख हुँदैछ । अतः यस किसिमको असहज परिस्थितिको अन्त्य गर्नमा राष्ट्रका नागरिकहरूको प्रवल भूमिका हुने हुँदा नागरिक सचेतना जगाउने विशेष शिक्षाको रूपमा नागरिक शिक्षालाई लिइनु पर्दछ । वास्तवमा व्यक्तिको जीवन निर्माण, समाजको आदर्श निर्माण र राष्ट्रको भाग्यनिर्माणको आधार शिक्षा नै हो (गौतम, २०६६) ।

नागरिक शिक्षाको अवधारणा राज्य र समाजको उत्पत्तिसँगै अभिन्न अंगको रूपमा विकसित भएर आएको छ । नागरिकशास्त्रको समाज विज्ञानका अरु शास्त्रहरू इतिहास, भूगोल, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, नैतिकशास्त्र, मनोविज्ञान आदिसँग सम्वन्ध कायम भएको हुन्छ । ग्रीसेली दार्शनिक प्लेटोले नागरिकहरूमा राज्य र समाजप्रति वफादारीताको शिक्षा दिई आदर्श राज्यको सिर्जना गर्नका लागि नागरिक शिक्षाको आवश्यकता औल्याएको पाईन्छ । त्यस्तै अरस्तुले पनि नागरिकहरूका बीचमा हुने असमानता हटाउनका लागि नागरिक शिक्षाको आवश्यकतामाथि जोड दिएका पाइन्छ । यसै सन्दर्भमा कार्ल मार्क्सले पनि नागरिक चेतना अभिबृद्धि गर्न नागरिक शिक्षा आवश्यक रहेको र वर्गविहीन समाज निर्माणमा नागरिकको भूमिका महत्वपूर्ण रहने सन्दर्भको उठान गरेका छन् ( गौतम, २०६७) ।

वास्तवमा नागरिक शिक्षा भनेको शिक्षाकै एक महत्वपूर्ण भाग हो । यसले लोकतान्त्रिक परिवेशमा सार्वजनिक जीवनमा कसरी प्रभावकारी सहभागिता जनाउने भनी नागरिकहरूलाई उर्जावान् एवं चेतनशील वनाउँछ । यसले आवश्यक ज्ञान एवम् सीप प्रदान गरी अधिकार र कर्तव्यको उचित प्रयोग गर्न सिकाउँछ । कुनै पनि राज्य वा समाजका सदस्यहरूलाई त्यो समाजको राजनैतिक पद्धति, आर्थिक अवस्था सामाजिक एवम् सांस्कृतिक आधारका बारेमा ज्ञान, सीप र प्रवृत्तिको जानकारी दिलाउने प्रक्रिया नै नागरिक शिक्षा हो । संवैधानिक, लोकतान्त्रिक व्यवस्थामा नागरिक शिक्षाको झन् महत्वपूर्ण स्थान रहने गर्दछ । यस व्यवस्थामा नागरिकहरूले अरुको कुरा सुन्ने, बुझ्ने, अरुसँग घुलमिल हुने, धैर्य तथा मिलनसार हुने बानीको विकास गर्नुपर्ने हुन्छ । नागरिक शिक्षाले नागरिकहरूमा साहस, त्याग, बलिदान, सेवा, माया र ममता जस्ता गुणहरूको विकास गराउँछ । नागरिक शिक्षाले गर्दा स्वस्थ

राजनैतिक समाजको निर्माण हुने गर्दछ । लोकतान्त्रिक समाजमा नागरिक र सरकार बीचको सम्बन्धको निर्माण नागरिक शिक्षाकै माध्यमबाट हुने गर्दछ ।

नेपालमा शिक्षालाई व्यावहारिक एवम् जीवन सापेक्ष बनाई राष्ट्रिय परम्परा, संस्कृति एवम् सामाजिक वातावरण तथा प्रजातान्त्रिक मूल्य मान्यतासँग परिचित, स्वावलम्वी, आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्ने उद्देश्यअनुसार विद्यालय तहको नागरिक जीवनको विकास गर्ने प्रक्रियाले निरन्तरता पाएको छ । विद्यालय तहको शिक्षामा कक्षा ६, ७ र ८ मा २०६२ सालदेखि अनिवार्य विषयको रूपमा नागरिक तथा नैतिक शिक्षालाई समावेश गरिएको छ । राष्ट्रिय शिक्षा आयोग २०५५ को सुझावअनुसार माध्यमिक तहमा ऐच्छिक विषयको रूपमा नागरिकशास्त्रलाई समावेश गरिएको पाइन्छ ।

नेपालमा माध्यमिक विद्यालय तहको शिक्षा प्रदान गर्न माध्यमिक विद्यालयलाई साधारण माध्यमिक र संस्कृत माध्यमिक विद्यालय गरी दुई भागमा विभाजन गरिएको छ । संस्कृत माध्यमिक विद्यालयलाई पनि संस्कृत माध्यमिक विद्यालय र वेद विद्याश्रम संस्कृत माध्यमिक विद्यालय गरी दुई भागमा विभाजन गरिएको छ । साधारण माध्यमिक विद्यालयमा नेपाली, गणित, अंग्रेजी, विज्ञान, स्वास्थ्य जनसंख्या र सामाजिक अध्ययन गरी छ वटा अनिवार्य विषयहरू र ऐच्छिक प्रथम पत्र र ऐच्छिक द्वितीय पत्र गरी दुई वटा ऐच्छिक विषयहरू छनोट गरी अध्ययन-अध्यापन गर्नुपर्ने प्रावधान रहेको छ । ऐच्छिक प्रथम पत्रमा भाषा समूह, मानविकी तथा सामाजिकशास्त्र समूह र अतिरिक्त गणित समूहबाट कुनै एउटा विषय छनोट गर्नुपर्ने हुन्छ । यी तीन समूहहरूमध्ये नागरिकशास्त्र विषय मानविकी तथा सामाजिकशास्त्र समूहअन्तर्गत पर्ने विषय हो । त्यसैगरी ऐच्छिक द्वितीय पत्रका लागि निर्धारित विषयहरूमध्ये कुनै एउटा विषय छनोट गरी ऐच्छिक द्वितीय पत्रको रूपमा अध्ययन-अध्यापन गर्नुपर्ने प्रावधान रहेको छ ।

संस्कृत माध्यमिक विद्यालय माध्यमिक तहको विद्यालयको अर्को एउटा प्रकार हो । यसअन्तर्गत पनि नेपाली, गणित, अंग्रेजी, विज्ञान, सामाजिक अध्ययन, अनिवार्य संस्कृत भाषा विषय अनिवार्य विषयका रूपमा रहेका छन् भने ऐच्छिक प्रथम पत्र अन्तर्गत नीतिशास्त्र लगायतका छ वटा विषयहरूमध्ये कुनै एउटा विषय छनोट गरी अध्ययन-अध्यापन गर्नुपर्ने हुन्छ भने ऐच्छिक द्वितीयअन्तर्गत रहेका ८ वटा विषयहरूमध्येबाट कुनै एउटा विषय छनोट गर्नुपर्ने हुन्छ । यसैगरी वेद विद्याश्रम संस्कृत माध्यमिक विद्यालयअन्तर्गत नेपाली, गणित, सामाजिक अध्ययन, संस्कृत व्याकरण तथा अनुवाद, संस्कृत भाषा+साहित्य, वेद वा नीतिशास्त्र, कर्मकाण्ड वा फलित ज्योतिष गरि ७ वटा विषय र आठौं विषयको रूपमा आयूर्वेद वा प्राकृतिक चिकित्सा वा योग शिक्षा वा तर्क सङ्ग्रह मध्येबाट कुनै एउटा विषय छनोट गरी अध्ययन अध्यापन गर्नुपर्ने व्यवस्था रहेको छ ।

निम्न माध्यमिक तहका विद्यालयलाई पनि साधारण निम्न माध्यमिक विद्यालय र संस्कृत निम्न माध्यमिक विद्यालय गरी दुई भागमा विभाजन गरिएको छ । संस्कृत निम्न माध्यमिक विद्यालयलाई पनि संस्कृत निम्न माध्यमिक र वेद विद्याश्रम संस्कृत निम्न माध्यमिक विद्यालय गरी दुई भागमा विभाजन गरिएको छ । साधारण निम्न माध्यमिक विद्यालयमा नेपाली, गणित, अग्रेजी, सामाजिक अध्ययन, विज्ञान,

स्वास्थ्य तथा शारीरिक शिक्षा, संस्कृत/नागरिक तथा नैतिक शिक्षा, जनसंख्या र वातावरण शिक्षा, कला वा पूर्व-व्यावसायिक शिक्षा गरी नौ वटा विषयको व्यवस्था गरिएको छ भने संस्कृत निम्न माध्यमिक विद्यालयमा नेपाली, गणित, अंग्रेजी, सामाजिक अध्ययन, विज्ञान, स्वास्थ्य शारीरिक, संस्कृत व्याकरण र अनुवाद, जनसंख्या र वातावरण शिक्षा र संस्कृत गरी नौ वटा विषय अध्ययन अध्यापन गर्नुपर्ने व्यवस्था मिलाइएको छ । यसैगरि वेद विद्याश्रम संस्कृत निम्न माध्यमिक विद्यालयतर्फ नेपाली, गणित, कर्मकाण्ड अथवा ज्योतिष, सामाजिक शिक्षा, वेद अथवा नीतिशास्त्र, संस्कृत व्याकरण र अनुवाद, जनसंख्या र वातावरण र संस्कृत शिक्षा गरी आठ वटा विषय अध्ययन अध्यापन गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । यसबाट के देखिन्छ भने सबै किसिमका विद्यालयका निम्न माध्यमिक र माध्यमिक तहमा अनिवार्य सामाजिक विषय, संस्कृत/नागरिक तथा नैतिक शिक्षा, वेद वा नितिशास्त्र वा नागरिकशास्त्र जस्ता कुनै न कुनै रूपमा नागरिक शिक्षाका विषयवस्तुहरू समावेश भएको पाइन्छ । ( निम्न माध्यमिक र माध्यमिक तहको पाठ्यक्रम : अनुसूची ३ )

यति हुँदाहुँदै पनि नेपालका गरिब नागरिकहरू राष्ट्र सेवाको सट्टा विदेशीको सेवा गर्न वाध्य छन् । नागरिक बीच अरुको कुरा सुन्ने, अर्काको विचारको सम्मान गर्ने, सहनशीलताको अभाव देखिन थालेको परिप्रेक्ष्यमा यो अध्ययन गुल्मी जिल्लाका दुई वटा सामुदायिक विद्यालयहरूमा केन्द्रित रहेको छ ।

### १.१.१ अध्ययन क्षेत्रको परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको लुम्विनी अञ्चलका ६ वटा जिल्लाहरूमध्ये गुल्मी जिल्ला एउटा पहाडी जिल्ला हो । यस जिल्लाको कुल क्षेत्रफल ११४९ वर्ग कि.मी. छ । यो जिल्ला २७$^{0}$ ५५" देखि २८$^{0}$२७" उत्तरी अक्षांश र ८३$^{0}$१०" देखि ८३$^{0}$३५" पूर्वी देशान्तरमा अवस्थित छ । समुन्द्र सतहदेखि ६१० मिटरदेखि ३०५० मिटरको उचाइमा रहेको यो जिल्ला ३ निर्वाचन क्षेत्र, १३ वटा इलाका र ७९ वटा गा.वि.स. मा विभाजित छ । यस जिल्लामा क्याम्पस ३, उच्च माध्यमिक विद्यालय १४ र विद्यालयहरू ५५९ वटा रहेका छन् (अक्सफाम नेपाल, २०६०) ।

यस जिल्लामा रुरू क्षेत्र, रेसुङ्गा, श्रृङ्गा, दरवार देवीस्थान, इस्मा, धुर्कोट, मुसिकोट आदि पुरातात्विक महत्वका स्थानहरू छन् । यहाँ रहेका सालीग्रामको शीला, प्राचीन गुफा र सालिमे लेकका खण्डहरू अन्वेषणका निमित्त महत्वपूर्ण छन । यिनीहरूको संरक्षणवाट धार्मिक तीर्थयात्री र पर्यटकहरूलाई आकर्षण गर्न मद्दत मिल्दछ । लालीगुराँसले ढकमक्क ढाकेको रेसुङ्गा तथा थाप्ले डाँडावाट उत्तरको हिमाली श्रृङ्खला, दक्षिणको मधेस जिल्लाभित्र नागबेली परी बगेका नदीनालाहरूको अवलोकन गरी नरमाउने बिरलै होलान् । रेसुङ्गाको पूर्वपट्टि रहेको जुभुङ्ग गा.वि.स. मा रहेका सामुदायिक विद्यालय श्री सूर्योदय माध्यमिक विद्यालय र श्री काब्रेपोखरी माध्यमिक विद्यालयलाई अध्ययनको लागि छनोट गरिएको छ ।

## १.२ समस्याको कथन

नागरिक शिक्षाका बारेमा सरोकारवाला, समुदाय, शिक्षक, अभिभावक तथा विद्यार्थीहरूवाट भएका प्रयासहरू खोजी गर्नु, सरोकारवालाहरूको विचार तथा अवधारणा पहिचान गर्नु यस अध्ययनको समस्याको रूपमा लिइएको छ । नागरिकबीच अरुको कुरा सुन्ने, अर्काको विचारको सम्मान गर्ने, सहनशीलता जस्ता बानीको अभाव सिर्जना भएको अवस्थामा यस अध्ययनलाई समस्याको रूपमा लिइएको छ । यसका लागि निम्न अनुसन्धानात्मक प्रश्नहरूका आधारमा अध्ययनलाई सम्पन्न गरिएको छ :

(क) विद्यालय तहमा नागरिक शिक्षा सम्बन्धमा निर्धारित प्रावधानहरू के–के छन् ?

(ख) विद्यालय तहमा नागरिक शिक्षासँग सम्वन्धित पाठ्यक्रम क्षेत्र र विषयवस्तुहरू के  के छन् ?

(ग) विद्यालयद्वारा नागरिक शिक्षाका लागि गरिएका प्रयासहरू के के छन् ?

(घ) नागरिक शिक्षाका बारेमा सरोकारवालाहरूका विचारहरू के कस्ता छन ?

(ङ) विद्यालयले नागरिक शिक्षासम्वन्धी क्रियाकलापहरू कुन रूपमा संचालन गरिरहेका  छन ?

(च) विद्यालयले गर्नुपर्ने थप प्रयासहरू के-के छन् ?

## १.३ अध्ययनको औचित्य

हरेक अध्ययन अनुसन्धानको आ-आफ्नै महत्व भएजस्तै यो अध्ययनको पनि विशिष्ट महत्व रहेको छ। यस अध्ययनको औचित्यलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

(क) नीति निर्माण कर्ताहरूलाई नागरिक शिक्षाको विकासमा थप नीति तथा कार्यक्रमहरू निर्माण गर्नमा यस अध्ययनबाट सहयोग मिल्नेछ।

(ख) यो अध्ययन नागरिक शिक्षासँग सरोकार राख्ने व्यवस्थापक, प्रशासक, शिक्षक, विद्यार्थी र अभिभावकहरूको लागि सहयोगी बन्ने छ।

(ग) यस अध्ययनबाट छनोटमा परेका विद्यालयमा नागरिक शिक्षामा गरिएका सकारात्मक प्रभावहरू अन्य विद्यालय वा समाजमा फैलाउन मद्दत मिल्नेछ।

(घ) यो अध्ययनले नागरिक शिक्षा सम्वन्धमा भविष्यमा गरिने अध्ययन अनुसन्धानको लागि आधार प्रदान गर्नेछ।

(ङ) नागरिक शिक्षाको विकासमा काम गर्ने संघ संस्थाका क्रियाकलापहरूमा पनि यो अध्ययन सहयोगी हुनेछ ।

(च) यस अध्ययनले अध्ययनको लागि छनोटमा परेका विद्यालयमा नागरिक शिक्षासम्बन्धी भइरहेका क्रियाकलापहरूलाई स्पष्ट पार्नुका साथै थप मार्गदर्शन प्रदान गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य विद्यालय तहमा नागरिक शिक्षाका लागि गरिएका प्रयासहरू पहिचान गर्नु हो । साथै यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् :

(क) नागरिक शिक्षासँग सम्बन्धित निर्धारित प्रावधानहरू पहिचान गर्नु,

(ख) नागरिक शिक्षाका लागि पाठयक्रम र पाठयपुस्तकमा समावेश गरिएका विषयवस्तुको क्षेत्रगत रूपमा अध्ययन गर्नु,

(ग) विद्यालयले नागरिक शिक्षाका लागि गरेका कार्यहरू पहिचान गर्नु ।

## १.५ अध्ययनको सीमाङ्कन

यस अध्ययनका सीमाक्षेत्र निम्नानुसार निर्धारण गरिएका छन् ।

(क) यो अध्ययनलाई लुम्विनी अञ्चलको गुल्मी जिल्ला को जुभुङ्ग गा.वि.स.मा संचालित दुईवटा सामुदायिक विद्यालय श्री सूर्योदय माध्यमिक विद्यालय र श्री काब्रेपोखरी माध्यमिक विद्यालयमा सीमित गरिएको छ ।

(ख) यस अध्ययनमा कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थी, कार्यरत शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, श्रोतव्यक्ति/विद्यालय निरिक्षक लाई मात्र उत्तरदाताको रूपमा समेटिएको छ ।

(ग) यस अध्ययनलाई कक्षा ६ देखि ८ सम्मको नागरिक तथा नैतिक शिक्षा, कक्षा ९ र १० को ऐच्छिक विषय नागरिकशास्त्र र सामाजिक अध्ययन विषयमा समावेश गरिएका नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरूमा केन्द्रित गरिएको छ ।

(घ) यो अध्ययनको विश्लेषणलाई दस्तावेज अध्ययन, प्रधानाध्यापकका लागि अन्तवार्ता निर्देशिका, शिक्षक र विद्यार्थीहरुका लागि प्रश्नावली, विद्यार्थीका लागि लक्षित समूह निर्देशिका, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँग छलफलका लागि निर्मित निर्देशिकाबाट प्राप्त प्रतिक्रियामा सीमित गरिएको छ ।

## १.६ सम्बन्धित शब्दावलीको परिभाषा

यस अध्ययनमा प्रयोग भएका मुख्य शब्दावलीहरू र तिनीहरूको अर्थ निम्नानुसार छन् :

माध्यमिक विद्यालय : कक्षा 1 देखि १० सम्म अध्ययन अध्यापन हुने विद्यालय

नागरिक : कुनै एक देशको बासिन्दा जसलाई राज्यले कानुनी रूपमा राजनैतिक र सामाजिक हक अधिकारहरू दिएको हुन्छ ।

| | | |
|---|---|---|
| नागरिक शिक्षा | : | सार्वजनिक वा राजनैतिक मत/विकल्पको निर्माण गर्न सक्ने, ती विकल्पको मूल्याङ्कन गर्न सक्ने, ती विकल्पबारे आफ्नो निर्णय लागु गराउन सक्ने र आफ्नो कर्तव्यबोध गर्न सक्ने अवस्था सिर्जनाका लागि सचेतना, वहस र पैरवी गर्नकालागि प्राप्त शिक्षा |
| पाठ्यक्रम | : | विद्यालय वा विद्यालयबाहिर गरिने सम्पूर्ण शैक्षिक क्रियाकलापहरू समावेश गरिएको सिकाइको योजना वा खाका |
| पाठ्यपुस्तक | : | पाठ्यक्रमका उद्देश्यहरू पूरा गराउन कक्षा कोठामा प्रयोग गरिने पाठ्यसामग्री |

# अध्याय दुई
# पूर्व साहित्यको समीक्षा

कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्नुअगाडि त्यसै अनुसन्धानसँग सम्बन्धित विगतमा भए गरेका अध्ययन कार्यहरूको समीक्षा गर्नु भनेको पूर्व साहित्यको समीक्षा हो । यसले अनुसन्धानकर्तालाई विगतमा भएका अध्ययनबारे विस्तृत जानकारी उपलब्ध गराउँछ र गन्तव्यमा पुग्न मार्ग निर्देशन गर्दछ । यस अध्ययनको लागि गरिएको पूर्व साहित्यको समीक्षालाई अन्तर्राष्ट्रिय सन्दर्भमा नागरिक शिक्षा र नेपाली सन्दर्भमा नागरिक शिक्षा गरी दुई खण्डमा विभाजन गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्य

ग्रीस कालीन समाजबाट नागरिकशास्त्रको सुरुवाट भएको पाइन्छ । नागरिकशास्त्रका कतिपय विषयवस्तुहरूलाई नीतिशास्त्रले समेटेको पाइन्छ । एथेन्सको शिक्षा पद्धतिमा शिक्षा नागरिकलाई सचेत बनाउने, शिक्षाको लक्ष्य पूर्ण नागरिक विकासमा कार्यरत रहने हुनुपर्दछ भनी उल्लेख गरेको पाइन्छ । स्पार्टाको शिक्षाले नागरिक विकास नै शिक्षाको लक्ष्य मानेको छ । प्राचीन दार्शनिक प्लेटोले नागरिकहरूमा राज्य र समाजप्रति वफादारीताको शिक्षा दिई आदर्श राज्यको सिर्जना गर्नका लागि नागरिक शिक्षाको आवश्यकता औल्याएका थिए । अरस्तुले नागरिकहरूका बीचमा हुने असमानता हटाउनका लागि नागरिक शिक्षाको आवश्यकता औल्याएका थिए । कार्ल मार्क्सले नागरिक चेतना अभिवृद्धि गर्न नागरिक शिक्षा आवश्यक रहेको र वर्ग विहीन समाज निर्माणमा नागरिकहरूको भूमिका महत्वपूर्ण रहने उल्लेख गरेका थिए ।

SPCE, 2002 को अध्ययनले नागरिक शिक्षा सम्बन्धी केही निचोड निकालेको छ । ती तथ्यहरूले नागरिक ज्ञान प्रदान गर्न सहयोग गरेको पाइएको छ । उक्त सेन्टरको अध्ययनले केही साझा मूल्य मान्यता पत्ता लगाएको छ जसले विद्यार्थी शिक्षक अभिभावक  र अन्य सरोकारवालाहरूलाई नागरिक ज्ञान प्रदान गर्नमा सहयोग गर्दछ । अध्ययनबाट प्राप्त मूल्य मान्यता यसप्रकार रहेका छन् : सहनशीलता, इमान्दारीता, सहानुभति, अहिंसावादीता, ठूलालाई आदर, अग्रजप्रति आदरभाव, सानालाई माया, विश्वबन्धुत्वको भावना, सहकार्य, सहृदयीपन र सत्यवादीता ।

Phuyal (2009) मा उल्लेख भए अनुसार एम. एस. ब्रान्सन नागरिक शिक्षालाई स्वशासनको शिक्षा भन्दछन् । नागरिक शिक्षाले व्यक्तिलाई सशक्तीकरण गरी आफ्ना विषयमा निर्क्यौलमा पुग्न आफै सक्षम बनाउँछ । स्वशासनले सामान्य : स्वयम् व्यवस्थापक, स्वयम निर्णय र स्वयम् नियन्त्रण गर्न सक्ने क्षमतालाई जनाउँछ । त्यसैले नागरिक शिक्षा नागरिको स्वयम् व्यवस्थापन, स्वयम् निर्णय र स्वयम् नियन्त्रणको क्षमता निर्माण प्रक्रिया हो ।

## २.२ विषयगत साहित्य

### २.२.१ अन्तर्राष्ट्रिय सन्दर्भमा नागरिक शिक्षा

The International Encyclopedia of Education, (1995) मा उल्लेख भए अनुसार नागरिक शिक्षा भन्नाले शैक्षिक संस्थाहरूको पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उल्लेख गएिको शिक्षा भन्ने वुझिन्छ जसले व्यक्तिहरूलाई समुदायको सदस्यको रूपमा राष्ट्रिय र स्थानीय तहमा सामाजिकीकरण गर्न मद्दत गर्दछ । नागरिक शिक्षाको समाजभित्र बस्ने नागरिकहरूको विकास, दक्षता र योग्यतासँग वृहत् सम्बन्ध रहेको हुन्छ । नागरिक शिक्षा क्षेत्र र देश अनुसार फरक फरक हुने गर्दछ । छिमेकी देशहरूसँग राजनैतिक र विचारधारात्मक द्वन्द्वमा रहेका देशहरू अथवा आन्तरिक विभाजन सामना गरेका देशहरूले राष्ट्रवाद र परम्परागत सस्कृतिमा जोड दिएका हुन्छन भने अन्य देशहरूले शिक्षालाई मुख्य रूपमा धार्मिक र नैतिक शिक्षाको रूपमा व्याख्या गर्दछन् ।

पश्चिमेली मुलुकहरूमा नागरिक शिक्षाका विभिन्न अवधारणाहरू देखापरेका छन । केही मुलुकहरूले नागरिक शिक्षालाई राष्ट्रवाद र राष्ट्रिय प्रतिष्ठाको माध्यमको रूपमा लिने गरेका छन् भने अन्य मुलुकहरूले नागरिक शिक्षालाई आधुनिक प्रजातान्त्रिक प्रणालीमा विद्यार्थीहरूलाई मूल्य मान्यता उत्तरदायित्व बहन गराई सक्षम वनाउने माध्यमको रूपमा लिन्छन् । पश्चिमी राष्ट्रहरूले नागरिक शिक्षाका अवधारणाहरूलाई आ-आफ्नै ढङ्गवाट परिभाषित र व्याख्या गर्दै आएका छन ।

सन् १९८० र १९९० को दशकतिर बेलायतको कन्जरवेटिभ सरकारले नागरिक शिक्षालाई परम्पराको सम्मान र सरकारप्रतिको अविश्वास हटाउने शिक्षाको रूपमा लिएको पाइन्छ । तर यसको ठीक विपरीत पश्चिम जर्मनीले नागरिक शिक्षालाई सरकारप्रतिको अविश्वास हटाउनेभन्दा पनि सामाजिक समस्यालाई हल गर्ने सरकारी प्रयासको रूपमा लिएको देखिन्छ ।

स्विडेनले नागरिक शिक्षालाई विद्यालय शिक्षामा केन्द्रित गरेको पाइन्छ । यसका लागि स्विडेनले राष्ट्रिय पाठ्यक्रम बनाई शिक्षकहरूद्वारा विद्यार्थीहरूलाई समान अधिकार, लैङ्गिक समानता, सत्यको सम्मान, न्याय, मानवीय इज्जत जस्ता कुराहरूलाई अनिवार्य रूपमा अध्यापन गर्न लगाएको पाइन्छ । अष्ट्रेलिया र संयुक्त राज्य अमेरिका लगायत पश्चिमेली राष्ट्रहरूले व्यक्ति र राष्ट्रबीचको सम्बन्धलाई नयाँ किसिमले परिभाषित गरेका छन् । फलस्वरूप आजको उत्तर आधुनिक युगमा नागरिक शिक्षालाई हेर्ने विभिन्न अवधारणाहरू पाइन्छन् ।

Phuyal (2009) ले बदलिंदो विश्वमा सवैको प्रतिनिधित्व गर्ने खालको नयाँ किसिमको नागरिक शिक्षाको खाँचो औँल्याएका छन् तर बदलिंदो विखण्डित समाजमा परम्परागत नागरिक शिक्षाको कुरा प्रायः असम्भव भएको तर्क दिएका छन् । उनका अनुसार परम्परागत नागरिक शिक्षा आजको परिवेशमा जटिल र असम्भव छ । उनले सर्वमान्य शिक्षाको अवधारणा असम्भव भएको हुँदा भिन्न भिन्न अवधारणाका नागरिक शिक्षालाई प्रयोगमा ल्याउनु सान्दर्भिक ठानेका छन् ।

पूर्वी युरोप र पूर्व सोभियत संघ जस्ता मुलुकहरूमा प्रजातान्त्रिक मूल्य मान्यता र व्यक्तिगत स्वतन्त्रतालाई मध्यनजर गरेर पाठ्यक्रम र पाठ्यपुस्तकहरू परिमार्जन गरेको पाइन्छ । एसिया लगायतका अन्य विकासोन्मुख देशहरूमा नागरिक शिक्षाले व्यक्तिगत र नैतिक मूल्य मान्यतामा जोड दिएको पाइन्छ । यी देशहरूको शिक्षामा व्यक्तिगत आचरणका साथै व्यक्तिले राज्यप्रति गर्नुपर्ने उत्तरदायित्वमा जोड दिँदै आएको देखिन्छ । पूर्वी एसियन मुलुकहरू विशेषगरी चीनमा नागरिक शिक्षाको रूपमा कन्फ्युसियन परम्परालाई लिने गरिन्छ जसले नैतिक शिक्षाको साथसाथै सामूहिक कार्यलाई प्रोत्साहन गर्ने गरेको छ ।

### २.२.२ नेपाली सन्दर्भमा नागरिक शिक्षा

नेपालमा पञ्चायती कालमा राष्ट्र, राष्ट्रियता र राजमुकुटप्रति वफादार रहने, पञ्चायती व्यवस्था अनुकूलको आचरण गर्ने नागरिक उत्पादन गर्नु शिक्षाको प्रमुख उद्देश्यको रूपमा लिइएको थियो । त्यतिवेला पञ्चायती व्यवस्थालाई टिकाइराख्न सोही अनुरूपको शिक्षा प्रदान गर्नको लागि नागरिक शिक्षालाई पञ्चायत भन्ने पाठ्यक्रमा समावेश गरिएको देखिन्छ भने वि.सं. २०४६ सालमा प्रजातन्त्र स्थापना भएपछि शिक्षाको राष्ट्रिय उद्देश्यमा परिवर्तन भई राष्ट्र र राष्ट्रियताप्रति वफादार, प्रजातान्त्रिक आचरण भएका जनशक्ति उत्पादन गर्ने उद्देश्य शिक्षाले लिएको देखिन्छ ।

श्रेष्ठ र दाहल (२०५७) ले नागरिक शिक्षाको महत्व र क्षेत्रको वारेमा उल्लेख गरेका छन । उनीहरूका अनुसार नागरिक शिक्षा भनेको नागरिक ज्ञान, नागरिक सीप र नागरिक चरित्र को विकास गर्नु भन्ने बुझिन्छ । उनिहरूले नागरिक शिक्षा र चरित्र निर्माण एक अर्कामा सम्वन्धित छन् भन्ने कुरा उल्लेख गरेका छन ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) मा शिक्षाको उद्देश्य राष्ट्र र राष्ट्रियताप्रति वफादार रही राष्ट्रिय एकता, सार्वभौमिकता, कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने, व्यक्तिमा नैतिक चरित्र, स्वावलम्बी हुने प्रवृत्ति, अरुको असल भावना र विचारको कदर गर्ने बानी र विश्ववन्धुत्वको भावना विकास गर्ने रहेको पाइन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) अनुसार शिक्षाको राष्ट्रिय उद्देश्यमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकास, सामाजिकीकरण र सामाजिक एकताको सुदृढीकरण, सामन्जस्यपूर्ण जीवन यापन, राष्ट्रिय सम्पदाको संरक्षण गर्ने कुरा उल्लेख गरिएको छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) मा व्यक्तिको नैतिक चरित्र र सदगुणको विकास, सेवाको भाव, सहअस्तित्व र सद्भावको विकास र सामाजिकीकरणको विकास गराउने शिक्षाको उद्देश्य राखिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ मा सवै किसिमको आर्थिक एवम् सामाजिक असमानता हटाई विभिन्न जातजाति, धर्म, वर्ण, समुदाय र सम्प्रदायका बीच सामन्जस्य गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ भनी

उल्लेख गरिएको छ । यो संविधानको मौलिक हक अन्तर्गत छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, महिला हक, सामाजिक न्यायको हक, यातना विरुद्धको हक जस्ता कुराहरूमा स्पष्ट कानुनी व्यवस्था गरेको पाइन्छ ।

नेपालमा विद्यालय शिक्षाको इतिहासलाई हेर्दा रा.शि.प.यो., २०२८ अनुसार कक्षा ९ र १० मा नागरिक शिक्षालाई ऐच्छिक विषयको रूपमा राखेको पाइन्छ । वि.सं. २०२८ भन्दा अघि माध्यमिक तह र कलेज स्तरमा नागरिक शिक्षा ऐच्छिक विषयको रूपमा रहेको देखिन्छ भने पछि नागरिक शिक्षालाई नेपाल परिचय विषयको रूपमा प्रमाण पत्र तहमा समावेश गरिएको पाइन्छ । वि.सं. २०४७ पछि कक्षा १ देखि ५ सम्मको सामाजिक शिक्षा विषयमा नागरिक शिक्षासँग सम्बन्धित पाठ्यवस्तु समावेश गरी त्यस अन्तर्गत असल व्यवहार, अधिकार र कर्तव्यको बारेमा उल्लेख गरिएको पाइन्छ । यी विषय वस्तुहरूले सामाजिक शिक्षाको १० प्रतिशत  भाग मात्र ओगटेको देखिन्छ । विद्यालय तहको शिक्षामा कक्षा ६, ७ र ८ मा २०६२ सालदेखि अनिवार्य विषयको रूपमा नागरिक र नैतिक शिक्षालाई समावेश गरिएको छ भने राष्ट्रिय शिक्षा आयोग २०५५ को सुझाव अनुसार माध्यमिक तहमा ऐच्छिक विषयको रूपमा नागरिकशास्त्रलाई समावेश गरिएको पाइन्छ ।


पाठयक्रम विकास केन्द्र (२०५७) ले विद्यार्थीहरूमा नागरिक चेतना, नैतिकता र सदाचारको विकास गर्न सहयोग पुग्ने अपेक्षा राख्दै राष्ट्र राष्ट्रियता, लोकतन्त्र, नागरिक कर्तव्य र व्यवहार जस्ता नागरिक शिक्षाका साथै धर्म र धार्मिक सहिष्णुता, नैतिकता, सामाजिक मूल्य, मान्यता जस्ता प्रमुख विषय क्षेत्रमा आधारित रही निम्न माध्यामिक तहका पाठयक्रम र पाठयपुस्तक तयार गरी कार्यान्वयनमा ल्याएको छ।

पाठ्यक्रम विकास केन्द्र (२०६४) द्वारा प्रकाशित  कक्षा ९ र १० को नागरिकशास्त्रको पाठ्यपुस्तकमा नागरिकशास्त्रको परिचय र परिभाषा, नागरिकशास्त्रको क्षेत्र, नागरिकशास्त्रको महत्त्व र उपयोगिता, नागरिकशास्त्रको अरू सामाजिक शास्त्रसँग सम्बन्ध र नेपालमा नागरिकता प्राप्त गर्ने आधार सम्बन्धी कुराहरू समावेश गरिएको छ । त्यसैगरी उक्त पाठयपुस्तकमा अधिकार र कर्तव्यका परिभाषाहरू, अधिकार र कर्तव्यको किसिम, अधिकार र कर्तव्य एक अर्काका परिपूरक जस्ता विषयवस्तु समावेश गरिएको छ । यसैगरी मानव अधिकार,  राज्यको अर्थ र परिभाषा, राज्यका लागि आवश्यक तत्त्वहरू र राज्यका कार्यहरू सम्बन्धी विषयवस्तुहरू नागरिकशास्त्रमा समेटिएको छ । यसका अतिरिक्त राज्य उत्पत्तिका सिद्धान्तहरूभित्र दैवी सिद्धान्त, शक्तिमा आधारित सिद्धान्त र विकासवादी सिद्धान्तहरूलाई पनि समावेश गरी त्यसको बारेमा केही जानकारी समावेश छ । त्यसरी नै लोकतान्त्रिक शासन प्रणाली अन्तर्गत लोकतन्त्रको बारेमा सामान्य परिचय, लोकतन्त्रको लागि भएका प्रयासहरूलाई पनि समावेश गरिएको छ । लोकतन्त्रमा हुने लोकतान्त्रिक दलहरूको परिचय, राजनीतिक दलको गठन र उद्देश्य, राजनीतिक दलका किसिम र कार्यहरू र राजनीतिक दलदर्ताका विषयलाई समावेश गरिएको छ । त्यसैगरी बहुदलीय व्यवस्थाको बारेमा जानकारी दिन नेपालमा बहुदलीय व्यवस्थाको विकास अन्तर्गत २००७ सालको जनआन्दोलन, २०१७ सालको दलमाथिको प्रतिबन्ध सम्बन्धी विषयवस्तुलाई समेटेको पाइन्छ । सरकार र यसका अंगहरू सम्बन्धी अध्ययन अध्यापन गराउने उद्देश्यले सरकारको परिचय र

किसिम जस्ता विषयवस्तुलाई पनि समावेश गरिएको पाइन्छ । त्यसरी नै व्यवस्थापिका अन्तर्गत व्यवस्थापिकाको परिचय, गठन र महत्त्व, व्यवस्थापिकाको काम कर्तव्य र अधिकार, व्यवस्थापिका संसदसम्बन्धी विषयवस्तुलाई समावेश गरिएको देखिन्छ । न्यायपालिका अन्तर्गत न्यायपालिकाको परिचय, महत्त्व, गठन र तहका साथै न्यायपालिकाको कार्य र अधिकारका विषयवस्तुलाई पनि राखिएको पाइन्छ । यस्तै किसिमले कार्यपालिका अन्तर्गत कार्यपालिकाको गठन, यसको काम, कर्तव्य र अधिकारका बारेमा पनि जानकारीहरू समावेश छन् । यसका अतिरिक्त संविधान सम्बन्धी विषयवस्तुलाई पनि पाठ्यपुस्तकमा समावेश गरिएको छ । यस अन्तर्गत संविधानको अर्थ र परिभाषा, संविधानको वर्गीकरण, संविधानको स्रोत र त्यसका आवश्यक तत्त्वहरू साथै हाम्रो देशको संविधानका बारेमा समेत जानकारी दिइएको छ ।

## २.३ अध्ययनको अवधारणात्मक रूपरेखा

अवधारणात्मक रूपरेखा भनेको कुनै पनि अध्ययनको ऐना हो । यसले अध्ययनमा कुन कुन पक्षहरू संलग्न हुन्छन्, क-कसको भूमिका के के हुन्छ भन्ने कुरालाई प्रष्ट पार्दछ । यस अध्ययनको अवधारणात्मक रूपरेखा निम्न चार्टमा प्रस्तुत गरिए बमोजिम रहेको छ :




यस चार्टमा प्रस्तुत अवधारणात्मक रूपरेखाका आधारमा पाठ्यक्रम, पाठ्यपुस्तकका क्षेत्रहरू ऐन, नियम, नीतिगत प्रावधानहरू र विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय निरीक्षक र विद्यालय व्यवस्थापन समितिले गर्ने कार्यहरूका सन्दर्भमा सरोकारवालाहरूको संलग्नतामा यो अध्ययन सम्पन्न गरिएको छ ।

## अध्याय तीन
## अनुसन्धान विधि

यो अध्ययन सम्पन्न गर्नका लागि अनुसन्धानकर्ताद्वारा अन्तरवार्ता फारम, प्रश्नावली, लक्षित समूह छलफल जस्ता सूचना संकलनका साधनहरूको उपयोग गरिएको थियो । अध्ययनको उद्देश्य अनुसार अनुसन्धानका लागि अपनाइएका विधिहरू निम्न अनुसार रहेका छन् :

### ३.१ अनुसन्धान ढाँचा

अध्ययनका लागि गुणात्मक ढाँचा र संख्यात्मक ढाँचा दुवैलाई मिश्रित गरिए तापनि मुख्य रूपमा गुणात्मक ढाँचालाई आधार मानिएको छ । सूचना संकलनका लागि सूचनाको स्रोत र अध्ययनका साधनहरू निम्न ढाँचा अनुसार अवलम्बन गरिएको थियो :

**तालिका ३.१**

**अनुसन्धान ढाँचा**

| क्र.सं. | उद्देश्य | सूचनाका श्रोतहरू | साधन |
|---|---|---|---|
| १ | नागरिक शिक्षाका लागि गरिएका नीतिगत प्रावधानहरू पहिचान गर्नु | प्र.अ., शिक्षक, वि.व्य.स., वि.नि. दस्तावेज | अन्तर्वार्ता फाराम, प्रश्नावली, लक्षित समूह छलफल |
| २ | नागरिक शिक्षाका लागि पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश विषयवस्तुका क्षेत्रहरू पहिचान गर्नु | प्र.अ., शिक्षक, वि.नि. दस्तावेज | अन्तर्वार्ता फाराम, प्रश्नावली, छलफल, खुला प्रश्नावली |
| ३ | नागरिक शिक्षाका लागि विद्यालयले गरेका कार्यहरू पहिचान गर्नु | प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स., वि.नि., दस्तावेज | अन्तर्वार्ता फाराम, प्रश्नावली, लक्षित समूह छलफल, खुला प्रश्नावली |

### ३.२ अध्ययन क्षेत्रको छनोट

यो अध्ययन कार्यका लागि गुल्मी जिल्लामा रहेका नागरिक तथा नैतिक शिक्षा र नागरिकशास्त्र अध्यापन हुने सबै सामुदायिक विद्यालयहरूमा यो अध्ययन कार्य गर्न आर्थिक अभाव र समयको कारणले सम्भव नभएकाले लुम्बिनी अञ्चलको गुल्मी जिल्ला क्षेत्र नं. २ को जुभुङ्ग गा.वि.स. लाई छनोट गरिएको छ ।

उद्देश्योन्मुख विधि प्रयोग गरी अध्ययनको लागि आवश्यक सूचना संकलन गर्न जुभुङ्ग गा.वि.स.मा रहेका सामुदायिक विद्यालय श्री सूर्योदय मा.वि. र श्री काब्रेपोखरी मा. वि. लाई नमुनाको रूपमा छनोट गरिएको थियो ।

## ३.३ नमुना छनोट

यस अनुसन्धानका लागि विद्यालय तहमा नागरिक शिक्षाको लागि गरिएका प्रयासहरू के के हुन् भन्ने सम्बन्धमा विभिन्न सरोकारवाला व्यक्ति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र विद्यालय निरीक्षक तथा उत्तरदाताको निम्न अनुसार छनोट गरिएको छ :

### ३.३.१ प्रधानाध्यापकको छनोट

अध्ययनका लागि छनोट गरिएका दुई विद्यालयका दुई प्रधानाध्यापकलाई स्वतः उत्तरदाताको रूपमा छनोट गरियो (हेर्नुहोस् अनुसूची :८) ।

### ३.३.२ शिक्षकको छनोट

छनौटमा परेका प्रत्येक विद्यालयका कक्षा ६, ७ र ८ मा नागरिक तथा नैतिक शिक्षा अध्यापन गर्ने दुईजना शिक्षक र कक्षा ९ र १० मा सामाजिक अध्ययन विषय अध्यापन गर्ने एक जना गरी जम्मा तीन तीनजना शिक्षकहरूलाई उद्देश्योन्मुख विधिबाट छनोट गरियो (हेर्नुहोस् अनुसूची :८) ।

### ३.३.३ विद्यार्थीको छनोट

अध्ययनका लागि छनोटमा परेको दुई वटा माध्यमिक विद्यालयका कक्षा ६, ७, ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरू मध्येबाट उद्देश्योन्मुख विधिको आधारमा प्रश्नावलीको लागि दुवै विद्यालयका प्रत्येक कक्षाबाट दुईजना छात्र र दुईजना छात्रा पर्ने गरी जम्मा ४० जना विद्यार्थीहरूलाई प्रश्नावलीका लागि छनोट गरियो । प्रश्नावलीबाट स्पष्ट नभएका विद्यार्थीहरुलाई लक्षित समूह छलफलका लागि छनोट गरियो (हेर्नुहोस् अनुसूची :८) ।

### ३.३.४ विद्यालय व्यवस्थापन समितिको छनोट

छनोटमा परेका दुई वटा माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरूलाई लक्षित समूह छलफलको लागि स्वतः छनोट गरियो (हेर्नुहोस् अनुसूची :८) ।

### ३.३.५ विद्यालय निरीक्षकको छनोट

छनोटमा परेका विद्यालयसँग सम्बन्धित १ जना विद्यालय निरीक्षक र १ जना स्रोत व्यक्तिलाई अन्तवार्ताको लागि छनोट गरियो (हेर्नुहोस् अनुसूची :८) ।

## ३.४ अध्ययनका औजारहरूको निर्माण

यस अध्ययनका लागि उद्देश्य अनुरूप सूचना संकलन गर्नको लागि निम्न अनुसार सूचना संकलनका साधनहरूको निर्माण गरियो :

### ३.४.१ दस्तावेज अध्ययन

अनुसन्धानका लागि द्वितीयक स्रोतको रूपमा दस्तावेजहरू अध्ययनका लागि दस्तावेज खाका तयार गरी सोही अनुरूप अनुसन्धान प्रतिवेदनहरू,  शिक्षा ऐन, शिक्षा नियमावली, आचारसंहिता, बुलेटिन, पाठ्यक्रम, पाठ्यपुस्तक अध्ययनका लागि आवश्यक तयारी गरियो ।

### ३.४.२ प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

अध्ययनका लागि नागरिक शिक्षासँग सम्वन्धित ऐन, नियम, विषयवस्तु, पाठ्यक्रम, विद्यालयमा भए गरेका कार्यहरू, विगतमा गरेका कार्यहरू सम्बन्धी प्रश्नहरू बनाएर अन्तरर्वार्ता प्रश्नावली निर्माण गरियो (हेर्नुहोस् अनुसूची :१) ।

### ३.४.३ शिक्षकहरूका लागि प्रश्नावली

अध्ययनका क्रममा विद्यालयमा भए गरेका ऐन, नियम, आचारसंहिता, क्रियाकलाप, विगत एक वर्षमा भए गरेका सकारात्मक कार्यहरूलाई समावेश गरी शिक्षकका लागि प्रश्नावली  निर्माण गरियो (हेर्नुहोस् अनुसूची :२) ।

### ३.४.४ विद्यार्थीहरूका लागि प्रश्नावली

यो अध्ययन पूरा गर्नका लागि विद्यालय तहको नागरिक शिक्षामा केन्द्रित भई विद्यार्थीका लागि प्रश्नावलीको निर्माण गरियो (हेर्नुहोस् अनुसूची :३) ।

### ३.४.५ विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

प्रश्नावलीमा स्पष्ट नभएका विषयका साथसाथै अघिल्लो एक वर्षमा भएका क्रियाकलापहरू र पाठ्यक्रममा समावेश गरिएका कुराहरूको बारेमा प्रश्नहरू बनाएर विद्यार्थीहरूको लक्षित समूह छलफलका लागि निर्देशिका तयार गरियो (हेर्नुहोस् अनुसूची :४) ।

### ३.४.६ विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँग छलफलका लागि निर्देशिका

अध्ययनको सम्बन्धमा अभिभावकले गरेका कार्यहरू, प्रधानाध्यापकले गरेका कार्यहरू, विद्यार्थीले गरेका कार्यहरू, शिक्षकले गरेका कार्यहरू, विद्यालयमा भएका क्रियाकलापहरूसँग सम्बन्धित भए गरेका कार्यको बारेमा जानकारी प्राप्त गर्न लक्षित समूह छलफलका लागि निर्देशिका निर्माण गरियो (हेर्नुहोस् अनुसूची :५) ।

### ३.४.७ विद्यालय निरीक्षकका लागि अन्तर्वार्ता फाराम

अध्ययनका लागि उद्देश्यमा केन्द्रित रहेर नागरिक शिक्षाका लागि विद्यालयमा भएका कार्यहरूसँग सम्बन्धित अन्तर्वार्ता फाराम निर्माण गरियो (हेर्नुहोस् अनुसूची :६) ।

## ३.५ साधनहरूको वैधता निर्धारण

अध्ययनका साधनहरूको वैधता कायम गर्नका लागि अध्ययनको उद्देश्य अनुसार औजार निर्माणको खाकाको आधारमा साधनहरूको मस्यौदा तयार गरी साथीहरूसँगको छलफल पश्चात् त्यसमा आवश्यक सुधार गरियो । यसरी सुधार गरिएका साधनहरूलाई पूर्व परीक्षण गरी आवश्यकता र शोधनिर्देशकको सल्लाह बमोजिम परिमार्जन गरी अन्तिम रूप दिइयो ।

## ३.६ सूचना संकलन प्रक्रिया

अध्ययनको उद्देश्य पूरा गर्नको लागि नमूना छनोटमा परेका विद्यालयमा अध्ययनकर्ता स्वयम् प्रत्यक्ष रूपमा सहभागी भएर सूचना संकलन गरियो ।

सर्वप्रथम अध्ययनका लागि अध्ययन क्षेत्रका विद्यालयमा गई प्रधानाध्यापकलाई भेटी आफ्नो अनुसन्धानको उद्देश्य बताएर प्रधानाध्यापकलाई बनाइएको अन्तरवार्ता प्रश्नावली भरी शिक्षकहरूसँग भेटी उनीहरूका लागि निर्माण गरिएका प्रश्नावली भराइयो ।

छनौटमा परेका विद्यालयका विद्यार्थीहरूसँग परिचय गरी उनीहरूका लागि निर्माण गरिएका प्रश्नावली कक्षा संचालन समयमा भर्न लगाइयो । लक्षित समूह छलफलका लागि निर्माण गरिएका प्रश्नावलीको आधारमा समूह निर्माण गरी छलफल गरियो ।

छनौटमा परेका विद्यालय निरीक्षक र स्रोत व्यक्तिसँग सुमधुर सम्बन्ध कायम गरी उनीहरूका लागि निर्माण गरिएका अन्तरवार्ता फारम भरियो ।

## ३.७ सूचना विश्लेषण प्रक्रिया

सूचनाहरूको विश्लेषण र व्याख्या गर्नको लागि अनुसन्धानको उद्देश्य अनुसार शीर्षक, उपशीर्षक मिलाएर संकलित सूचनाहरूको वर्गीकरण पश्चात् संख्यात्मक सूचनाहरूलाई तालिकीकरण गरी विश्लेषण गरिएको छ । गुणात्मक तथ्य विश्लेषणका लागि चार्टको पनि प्रयोग गरिएको छ । गुणात्मक सूचनाहरूको आवश्यकता अनुसार समूहबद्ध गरेर, कारणहरू, सन्दर्भहरू, प्रभावहरू, अर्थहरू र धारणाहरूको बारेमा गहन रूपमा वर्णन गरिएको छ ।

## ३.८ सूचनाहरूको वैधता निर्धारण

सूचनाको वैधताको लागि आवश्यकता अनुसार विविध स्रोतहरू र विधिहरू प्रयोग गरी सूचना संकलन गरिएको छ । अनुसन्धानको लागि सूचना संकलनका साधनहरूको वैधता निर्माण गर्न साधनहरूलाई निर्माण गरी शोधनिर्देशक समक्ष प्रस्तुत गरी त्यसलाई अझ वैधता दिनको लागि साथीभाइ, अन्य शोध र पाठ्यपुस्तकहरू प्रयोग गरिएको छ । यसका अतिरिक्त संकलन गरिएका सूचनाहरूको अध्ययन क्षेत्रमा नै सरसर्ती अध्ययन गरिएको छ । अस्पष्ट र विरोधाभाष सूचनाहरूको तत्कालै जाँच गरी निधो गरिएको छ । प्राथमिक सूचनाहरू संकलनका लागि अध्ययनकर्ता आफै संलग्न भई सूचनाको वैधता निर्धारण गरिएको छ । सम्बन्धित व्यक्तिहरूबाट सूचनाहरू भरिएको व्यहोरा ठीक छ भनी सही गराएर प्रश्नावलीहरू संकलन गरिएको छ ।

## ३.९ नैतिकताको मापदण्ड

यस अनुसन्धान कार्यमा प्रत्यक्ष अप्रत्यक्ष संलग्न सबैजनासँग सुमधुर सम्बन्ध कायम गरिएको थियो । अनुसन्धान कार्यमा संलग्न व्यक्तिहरूको सम्मानमा आँच आउने कुनै कार्य गरिएन र उनीहरूले गोप्य राख्न भनेका कुरालाई गोप्य राखी उल्लेख गर्न भनेका कुराहरू मात्र उल्लेख गरिएको छ । यसका अतिरिक्त छनोट गरिएका विद्यालय व्यवस्थापक, प्रशासक, शिक्षक, विद्यार्थी, अभिभावक र सरोकारवालाहरूलाई कुनै किसिमको आर्थिक प्रलोभन करकाप, डर, धाकधम्की नदिई नैतिक मूल्य र मान्यता जस्ता कुरालाई ख्याल गर्दै सौहार्दपूर्ण वातावरण कायम गरी सरोकारवालाहरूलाई अनुसन्धानको क्रममा आयोजना गरिएका क्रियाकलापहरूमा सक्रियतापूर्वक सहभागी भई सूचना प्रदान गरेकोमा हार्दिक धन्यवाद व्यक्त गरिएको छ ।

# अध्याय चार
## सूचनाको व्याख्या र विश्लेषण

अनुसन्धान प्रक्रियामा छरिएर रहेका सूचनालाई संगठित गर्ने, निश्चित क्रममा मिलाउने, सम्पादन गर्ने र व्यवस्थित गर्ने कार्यलाई सूचनाको विश्लेषण भनिन्छ । नागरिक शिक्षाका लागि विद्यालयमा के कस्ता प्रयासहरू गरिएको छ जसमा सरोकारवालाका धारणाहरू के के छन् । नागरिक शिक्षा सम्बन्धी के कस्ता नीति, ऐन नियमहरू छन् र तिनीहरू कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने उद्देश्यले यो अध्ययन गुल्मी जिल्लाको जुभुङ्ग गा.वि.स.मा रहेका दुई ओटा माध्यमिक विद्यालयलाई सम्भावनारहित नमूना छनौट पद्धति अन्तर्गतको सुविधाजनक विधिबाट नमूना छनौट गरिएको थियो । यस अध्ययनको लागि शिक्षक, विद्यार्थी, प्र.अ., वि.व्य.स.का सदस्यहरू र अभिभावकलाई प्राथमिक सूचनाको स्रोतका रूपमा लिई अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफल निर्देशिकाको सहायताले आवश्यक सूचनाहरू संकलन गरियो । अध्ययनको क्रममा विभिन्न किसिमका साधन तथा स्रोतबाट प्राप्त भएका सूचनाहरूलाई यस अध्ययनको उद्देश्य अनुसार गुणात्मक रूपमा व्याख्या र विश्लेषण निम्न अनुसार गरिएको छ :

### ४.१ नागरिक शिक्षा सम्बन्धी मूल्य मान्यताहरू

नागरिक शिक्षाले सार्वजनिक जीवनमा व्यक्तिको आचरण र भूमिकालाई मर्यादित, सचेत, सक्रिय र स्वाधीन बनाउन सहयोग गर्दछ । यसले व्यक्तिलाई समाजले स्वतन्त्र सदस्य बन्न, व्यक्तिगत, राजनैतिक, आर्थिक उत्तरदायित्वहरू वहन गर्न सहयोग गर्ने भएकोले माध्यमिक तहमा नागरिक शिक्षा विषय समावेश गरिएको छ । अध्ययनको उद्देश्यको आधारमा नीतिहरूको बारेमा स्पष्ट हुनु आवश्यक छ, जसको लागि वर्तमान अवस्थाका बारेमा सरोकारवाला पक्षको धारणा निम्न अनुसार वर्णन गरिएको छ :

#### ४.१.१ विद्यालयमा नागरिक शिक्षाका लागि जोड दिइएका पक्षहरू

यस अध्ययनको क्रममा दुवै विद्यालयका प्र.अ.हरूलाई नागरिक शिक्षाका लागि वर्तमान सरकारका नीतिहरू के कस्ता छन् ? भन्ने प्रश्नको उत्तरमा अनुशासित, लगनशील, अधिकार र कर्तव्यको पालना गर्ने, सहनशील, देशसेवा गर्ने, संस्कृतिको संरक्षण गर्ने, अरुको भावनाको कदर गर्ने, सामाजिक एकता, न्याय, मेलमिलाप जस्ता कुराहरू वर्तमान नीतिहरूको रूपमा समावेश गरिएको भन्ने जवाफ प्राप्त भएको थियो ।

त्यसैगरी शिक्षा आयोगका सीफारिसहरूमा प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरूको सम्वर्धन गरी स्वस्थ सामाजिक जीवनको विकासका निमित्त सहयोग गर्ने कुरा उल्लेख गरिएको पाइन्छ । यी नीतिहरूको प्रभाव सकारात्मक रहेको तर कार्यान्वयन पक्ष फितलो रहेको छ भन्ने प्रअहरूको प्रतिक्रिया रहेको थियो ।

नागरिक शिक्षाका लागि विद्यालय पाठ्यक्रममा कस्ता कुराहरूमा जोड दिइएको छ ? भन्ने प्रश्नको उत्तरमा नागरिकशास्त्र, अधिकार र कर्तव्य, राज्य, राज्य उत्पत्तिका सिद्धान्त, लोकतान्त्रिक शासन प्रणाली, सार्वभौमिकता, स्वतन्त्रता र समानता, कानुन, निर्वाचन, जनमत, स्थानीय स्वायत्तशासन, परराष्ट्र नीति, संयुक्त राष्ट्रसंघ र सार्क र संयुक्त राष्ट्रसंघका अङ्गहरू जस्ता विषयवस्तुहरूमा बढी जोड दिइएको कुरा सरोकारवालहरूले बताए । यी विषयवस्तुहरूले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पारेको पाइन्छ । नागरिक शिक्षाका लागि विषयगत उद्देश्यहरू निम्न अनुसार भएको कुरा दस्तावेज अध्ययनबाट थाहा हुन्छ :

- नागरिकशास्त्रको परिभाषा, क्षेत्र र उपयोगिताको व्याख्या गर्न,
- अधिकार र कर्तव्यको परिभाषा दिन,
- संवैधानिक अधिकार र कर्तव्यका कुराहरूको विश्लेषण गर्न,
- स्वतन्त्रता र समानता बीचको सम्बन्ध बताउन,
- स्थानीय स्वायत्त शासनको अर्थ र महत्वको वर्णन गर्न,
- प्रजातन्त्रको अर्थ र परिभाषा दिन,
- कानुनको अर्थ र परिभाषा र विशेषता बताउन, महत्व वर्णन गर्न ।

### ४.१.२ शिक्षक र विद्यार्थीका लागि निर्माण गरिएका आचारसंहिता

नागरिक शिक्षा सम्बन्धी नीतिहरूको वर्तमान अवस्था अन्तर्गत असल नागरिक बनाउन विद्यालयले शिक्षक, विद्यार्थीका लागि निर्माण गरेका आचारसंहिताहरूबारे प्र.अ., शिक्षक, विद्यार्थी र वि.व्य.स.लाई सोधिएको प्रश्नबाट आएका प्रतिक्रियाहरू निम्न अनुसार प्रस्तुत गरिएको छ :

- अनुशासन,
- विद्यालयमा पोशाकमा आउनुपर्ने,
- कक्षामा वा विद्यालयमा मिलेर बस्नुपर्ने,
- शिक्षक र विद्यार्थी समयमा विद्यालय आइपुग्नुपर्ने,
- शिक्षकहरू समयमै कक्षा कोठामा प्रवेश गर्नुपर्ने,
- विना जानकारी शिक्षक र विद्यार्थी विद्यालयमा अनुपस्थित हुन नपाइने,
- विद्यालयले राखेका अतिरिक्त क्रियाकलापमा शिक्षक र विद्यार्थीहरू सक्रिय रूपमा सहभागि हुनुपर्ने,
- विद्यार्थीहरूको ७० प्रतिशत हाजिरी हुनुपर्ने,
- कक्षा कोठाभित्र शिक्षक र विद्यार्थीहरूले मोबाइल लैजान नपाउने,
- शिक्षक र विद्यार्थीहरूबीच सुमधुर सम्बन्ध कायम राखी विद्यालयभित्र शैक्षिक वातावरण कायम गर्नुपर्ने ।

माथिका प्रतिक्रियाहरू लिनको लागि प्रत्येक विद्यालयका कक्षा ६ देखि १० सम्मका प्रत्येक कक्षाबाट २/२ जना छात्र र छात्रा गरी २० जना विद्यार्थी, ३/३ जना शिक्षक, प्र.अ.हरू र दुवै विद्यालयका वि.व्य.स.का पदाधिकारीहरूबाट प्रश्नावली र लक्षित समूह छलफलबाट आचारसंहिता निर्माण भएको तथ्य फेला पऱ्यो । तर ती आचार संहिताहरू निर्माण भए तापनि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको देखिन्छ ।

### ४.१.३ नागरिक शिक्षाका लागि जोड दिनुपर्ने कुराहरू

वर्तमान परिप्रेक्ष्यमा नागरिक शिक्षाको लागि कस्ता कुराहरूमा जोड दिनुपर्ला भन्ने प्रश्नको उत्तरमा प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स.ले दिएको प्रतिक्रिया निम्नअनुसार उल्लेख गरिएको छ :

- नैतिक चेतनाको विकास
- राष्ट्रियता
- अनुशासन
- संविधान संशोधन
- तालिम प्राप्त दक्ष शिक्षकको व्यवस्था
- विद्यालयको शैक्षिक वातावरण
- समाजको परिवर्तन अनुसारको सिकाइ
- नीति नियमहरूको प्रभावकारी कार्यान्वयन

माथि उल्लिखित प्रतिक्रियाहरू श्री सूर्योदय मा.वि.का र श्री श्री काब्रेपोखरी मा.वि.का जम्मा ४० जना विद्यार्थी, प्र.अ., शिक्षक र वि.व्य.स.का पदाधिकारीहरूबाट प्राप्त भएका हुन् । जस अनुसार नागरिक शिक्षाका लागि नैतिक चेतनाको विकास, राष्ट्रियता, अनुशासन, संविधान संशोधन, परिवर्तित समाज अनुसारको सिकाइ, योग्य शिक्षक जस्ता पक्षहरूमा जोड दिन सकियो भने नागरिक शिक्षामा प्रभावकारिता आउन सक्ने कुरा बताएको पाइन्छ ।

### ४.१.४ सुधार गर्नुपर्ने नीतिहरू

विद्यार्थीलाई असल नागरिक बनाउनका लागि अहिलेको नागरिक शिक्षा सम्बन्धी नीतिहरूमध्ये कुन कुन नीतिहरूमा सुधार गर्नुपर्ला भनी प्र.अ., शिक्षक, वि.व्य.स. र विद्यार्थीहरूलाई सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियाहरू निम्न अनुसार छन् :

- वर्तमान नीतिहरूको प्रभावकारी कार्यान्वयन,
- नागरिक शिक्षामा जोड र अनिवार्य नागरिक शिक्षा,
- ऐन, नियमहरूमा समय अनुसार परिवर्तन,

- चेतनामूलक कार्यक्रम संचालन गर्ने,
- अभिभावकहरूलाई लिखित जानकारी गराउने,
- लैङ्गिक रूपमा पक्षपात नगर्ने,
- गरीब जेहेन्दार विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था,
- विद्यार्थीको रुचि, चाहना, आकांक्षा अनुसार विषयवस्तु मिलाइनुपर्ने,
- सामाजिक एकता, मानव अधिकार संरक्षण र सदुपयोग, रोजगारमूलक, दक्ष जनशक्तिको उत्पादन, साँस्कृतिक संरक्षण जस्ता नीति नियम हुनुपर्ने,
- सामाजिक आचरणमा सुधार ल्याउनुपर्ने ।

नागरिक शिक्षा सम्बन्धी नीति नियम कसरी निर्माण गर्न सकिन्छ भन्ने प्रश्नको उत्तरमा एउटै खालको जवाफ आएको थियो । नीति नियम निर्माण गर्दा सरोकारवाला, समाजसेवी, विषय विशेषज्ञ, कानुनविद्, बुद्धिजीवी, शिक्षक, अभिभावक, राजनैतिक दलका व्यक्तिहरू सबैको सहकार्य, रायसुझाव सङ्लन गरी नीति नियम निर्माण गर्न सकिने जवाफ प्राप्त भयो ।

## ४.२ पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुका क्षेत्र

नागरिक तथा नैतिक शिक्षा विषय कक्षा ६ देखि ८ सम्म अनिवार्य विषयको रूपमा रहेको छ भने कक्षा ९ र १० मा नागरिकशास्त्रलाई ऐच्छिक विषयको रूपमा राखिएको पाइन्छ । कक्षा ९ र १० मा पठनपाठन हुँदै आएको नागरिकशास्त्र विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुका क्षेत्रहरू के-के रहेका छन् भनी सर्वप्रथम दस्तावेजको अध्ययनबाट प्राप्त गरिएका विषयवस्तुको क्षेत्र निम्नानुसार प्रस्तुत गरिएको छ :

कक्षा ९ को नागरिकशास्त्र विषयमा जम्मा १२ ओटा एकाइहरू समावेश गरिएको छ । पहिलो एकाइमा नागरिकशास्त्र अन्तर्गत् नागरिकशास्त्रको परिचय, नागरिकशास्त्रको क्षेत्र, नागरिकशास्त्रको महत्व र उपयोगिता, नागरिकशास्त्रको अन्य सामाजिकशास्त्रसँग सम्बन्ध र नेपालमा नागरिकता प्राप्त गर्ने आधार समावेश गरिएको छ भने एकाइ दुईमा अधिकार र कर्तव्यको परिभाषा, किसिम, एक अर्काका पूरक, मानव अधिकार जस्ता पाठहरू समावेश गरिएको छ । एकाइ ३ मा राज्यको अर्थ, परिभाषा, राज्यका लागि आवश्यक तत्वहरू, राज्यका कार्यहरू समावेश गरिएको छ । त्यस्तै एकाइ ४ मा राज्य उत्पत्तिका सिद्धान्तहरू, एकाइ ५ मा लोकतान्त्रिक शासन प्रणाली, यसको आवश्यकता र महत्व, लोकतन्त्रका लागि भएका प्रयासहरू उल्लेख गरिएको छ । एकाइ ६ मा लोकतान्त्रिक दलहरू अर्न्तगत परिचय, गठन र उद्देश्य, किसिम र कार्यहरू समावेश छन् भने एकाइ ७ मा नेपालमा बहुदलीय व्यवस्थाको विकास, एकाइ ८ मा सरकार र यसका अंगहरू, सरकारको परिचय र किसिम साथै एकाइ ९ मा व्यवस्थापिका अन्तर्गत यसको परिचय, गठन र महत्व, काम कर्तव्य र अधिकार, व्यवस्थापिका संसद्

जस्ता पाठहरू राखिएको छ । एकाइ १० मा न्यायपालिकामा यसको परिचय, महत्व, गठन र तह, कार्य र अधिकारको बारेमा उल्लेख गरिएको छ । एकाइ ११ मा कार्यपालिकामा यसको परिचय, महत्व, गठन, काम, कर्तव्य र अधिकार र एकाइ १२ मा संविधानको अर्थ र परिभाषा, वर्गिकरण, स्रोत र त्यसका आवश्यक तत्वहरू साथै हाम्रो देशको संविधान पाठ उल्लेख गरिएको छ ।

कक्षा १० को नागरिकशास्त्र विषयमा जम्मा नौ ओटा एकाइहरू छन् । यीमध्ये एकाइ १ मा सार्वभौमिकताको अर्थ, परिभाषा, विशेषताहरू र सार्वभौम सम्पन्न अधिराज्य नेपाल जस्ता पाठहरू छन् भने एकाइ २ मा स्वतन्त्रताको पृष्ठभूमि, अर्थ, परिभाषा, सम्बन्धको बारेमा उललेख गरिएको छ । एकाइ ३ मा कानुनको अर्थ, परिभाषा, किसिम, स्रोतहरू, मुलुकी ऐनको बारेमा उल्लेख छ भने एकाइ ४ मा निर्वाचनको अर्थ, परिभाषा, आवश्यकता, हाम्रो निर्वाचन प्रक्रिया, एकाइ ५ मा जनमतको अर्थ, माध्यम, नेपालमा २०३६ सालको जनमत संग्रह र यसको महत्व, एकाइ ६ मा स्थानीय स्वायत्त शासनको अर्थ र महत्व, गा.वि.स., नगरपालिका र नगर विकास समिति, जिल्ला विकास समिति, एकाइ ७ मा परराष्ट्र नीतिको अर्थ, परिभाषा र उद्देश्य, आधारहरू, महत्व, हाम्रो असंलग्न परराष्ट्र नीति, एकाइ ८ मा संयुक्त राष्ट्रसंघ र सार्क, सार्कको परिचय र उद्देश्य, सार्कको गठन र कार्यहरू साथै एकाइ ९ मा संयुक्त राष्ट्रसंघका अंगहरूमा महासभा, सुरक्षा परिषद्, आर्थिक तथा सामाजिक परिषद्, अन्तर्राष्ट्रिय अदालत र सचिवालय भन्ने पाठहरू समावेश गरिएको छ ।

कक्षा ९ को सामाजिक अध्ययन विषयमा नागरिक शिक्षा सम्बन्धी विषयवस्तुहरूमा एकाइ एकमा हामी, हाम्रो समुदाय र राष्ट्र अन्तर्गत विकास, मानव विकासको मापन, दिगो विकास, एकाइ तिनमा हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू, हाम्रो रीतिरिवाज र परम्परा, नेपाली चित्रकला, नेपाली मूर्तिकला, नेपाली वास्तुकला, धर्म निरपेक्षता, हाम्रा प्रमुख धार्मिक स्थलहरू र हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएका योगदानहरू, एकाइ चारमा सामाजिक समस्या र समाधान अन्तर्गत सामाजिक समस्याको पहिचान, सामाजिक समस्याको समाधान, सामाजिक सुधारमा स्थानीय संघसंस्थाको भूमिका, सामाजिक सुधारमा राष्ट्रिय स्तरका संघसंस्थाहरू र सामाजिक सुधारमा भएका प्रयासहरू, एकाइ पाँचमा नागरिक चेतना अन्तर्गत संविधानको परिचय, नेपालको संवैधानिक विकासक्रम, नेपालको वर्तमान संविधानका विशेषताहरू, मौलिक हक र कर्तव्य, सुशासन, नागरिक समाजको भूमिका र विविधतामा एकता जस्ता पाठहरू गरी जम्मा चार ओटा एकाइहरू मात्र समावेश गरिएको छ ।

कक्षा १० को सामाजिक अध्ययन विषयमा नागरिक शिक्षा सम्बन्धी विषयवस्तुहरू चारवटा एकाइमा समावेश छन् । एकाइ एकमा हामी, हाम्रो समूदाय र राष्ट्रमा क्षेत्रीय तथा संघीय विकासको अवधारणा, पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल विकास क्षेत्र, नेपालमा संचालित आयोजना, एकाइ तिनमा हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यतामा हाम्रा सम्पदा, नेपालका लोकगीत, नेपाली लोकबाजा, हाम्रा शास्त्रीय तथा लोकनृत्य, हाम्रा राष्ट्रिय दिवस, अन्तर्राष्ट्रिय

व्यक्तित्वहरू समावेश गरिएको छ भने एकाइ चारमा सामाजिक समस्या र समाधानमा चेलिबेटी बेचबिखन र देहव्यापार, सामाजिक कुप्रथा, प्रमुख सामाजिक समस्या, भ्रष्टाचार, लागूपदार्थ दूर्व्यसन, शरणार्थी समस्या, सामाजिक समस्या निराकरणमा आन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका नेपालको विकास कार्यमा स्काउटले खेलेको भूमिका, नेपालको विकास कार्यमा रेडक्रस र एस.ओ.एस.का योगदान र एकाइ पाँचमा नागरिक चेतना अन्तर्गत व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक अंगहरू, राजनीतिक दलहरू, निर्वाचन प्रक्रिया, निर्वाचनमा नागरिकको भूमिका, मानव अधिकार, राष्ट्रिय सरोकार जस्ता विषयबस्तु समावेश गरिएको छ ।

### ४.२.१ पाठ्यक्रममा समाविष्ट विषयवस्तुप्रति सरोकारवालाहरूको प्रतिक्रिया

पाठ्यक्रममा समावेश गरिएका नागरिकशास्त्रसँग सम्बन्धित विषयवस्तुहरू र ती विषयवस्तुले पार्ने प्रभाव र समावेश गरिनुपर्ने पक्षहरूको सन्दर्भमा शिक्षक, विद्यार्थी, प्र.अ., स्रोत व्यक्तिसँग आवश्यक सूचनाहरू संकलन गरियो । वि.व्य.स., प्र.अ. र शिक्षककहरूबीच छलफल गर्दा पाठ्यक्रम जीवन उपयोगी, देशलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने खालको हुनुपर्ने कुरामा जोड दिइएको पाइयो । शिक्षककहरूले समय अनुसार विषयवस्तु परिवर्तन गर्नुपर्ने धारणा ब्यक्त गरे । यसैगरी नागरिक शिक्षा विषयमा समावेश विषयवस्तुहरू धेरै मात्रामा सामाजिक अध्ययन विषयका विषयवस्तुसँग मेल खाएको कुरा प्र.अ. र शिक्षकहरूले उल्लेख गरेको पाइयो । पाठ्यपुस्तकहरूमा विद्यार्थीहरूलाई नागरिक स्वतन्त्रता, मताधिकार, नियम, संविधान जस्ता पक्षहरूको बारेमा जानकारी दिन खोजेको कुरा प्र.अ.हरूले उल्लेख गरेको पाइयो । एक जना प्र.अ.का अनुसार, नागरिकशास्त्र विषयको विषयवस्तुहरूमा असल नागरिक बन्नका लागि चाहिने सामाजिक एवम् नैतिक पक्षहरू समावेश गरिएमा यसले विद्यार्थीलाई असल समाज निर्माणमा लाग्न विद्यार्थीहरूलाई उत्प्रेरित गर्छ ।

नागरिकशास्त्र विषयमा समावेश विषयवस्तुहरूप्रति विद्यार्थीहरूको धारणा संकलन गर्नका लागि प्रश्नावली तथा लक्षित समूह छलफल संचालन गरिएको थियो । नागरिक शिक्षामा राष्ट्र र राष्ट्रियता, सार्वभौमिकता, स्वतन्त्रता र समानता, कानून, निर्वाचन, जनमत, नागरिक कर्तव्य र व्यवहार, सामाजिक मूल्य र मान्यता जस्ता पक्षहरू अध्ययन गरेको कुरा विद्यार्थीहरूले बताए । ती विषयवस्तुहरूको बारेमा सजिलै बुझ्न नसकिएकाले शिक्षकहरूले विद्यार्थीको इच्छा अनुसार विद्यार्थी केन्द्रित शिक्षण विधिबाट शिक्षण गरिएमा विषयवस्तुमा स्पष्ट हुन सकिने कुरा विद्यार्थीहरुले उल्लेख गरेका छन् ।

नागरिकशास्त्र विषयका सन्दर्भमा प्र.अ. र शिक्षकहरूले नागरिक शिक्षालाई उच्च मा.वि. तहसम्म अनिवार्य विषयको रूपमा समावेश गर्नुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । उनीहरूका अनुसार २०४६ सालदेखि विद्यार्थीहरूमा अनुशासनहीनता, आदर सत्कार, अरुको भावनाको कदर गर्ने प्रवृत्तिमा कमी भएको महसुस भएको कुरा स्पष्ट हुन्छ । नागरिकशास्त्र विषयलाई प्रभावकारी बनाउन सकेमा अनुशासन, चरित्र निर्माण, अरुको भावनाको कदर, मेलमिलाप, आज्ञाकारीता, राष्ट्रियता जस्ता पक्षहरूको

विकास विद्यार्थीमा हुने र यसबाट सभ्य समाजको निर्माण गर्न सकिने कुरा प्र.अ. र शिक्षकहरूको राय छ ।

## ४.३ नागरिक शिक्षाका लागि विद्यालयमा गरिएका कार्यहरू

नागरिक शिक्षाका लागि विद्यालयले विगत एक वर्षमा के-के क्रियाकलापहरू संचालन गरेको थियो भन्ने प्रश्न प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स.लाई सोधिएको थियो । प्र.अ.का अनुसार गत वर्ष विद्यालयले विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरेको कुरा उल्लेख गर्नुभयो । साथै शिक्षक र विद्यार्थीका आचार संहिताहरू निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइयो । यसले विद्यालयको शैक्षिक वातावरणमा सकारात्मक प्रभाव पार्‍यो । विगत वर्षमा विद्यालयमा वक्तृत्वकला, हाजिरी जवाफ, वादविवाद, सडक नाटक, खेलकूद, निबन्ध लेखन, साँस्कृतिक कार्यक्रम, प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा अलग अलग संचालन गरिएको कुरा प्र.अ. र शिक्षकहरूले बताए ।

नागरिक शिक्षाको लागि विद्यालयले के कस्ता कार्यक्रमहरू संचालन गरेको छ भन्ने प्रश्नको जवाफमा वि.व्य.स.ले गत वर्षदेखि हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको जसले गर्दा विद्यार्थीमा सकारात्मक प्रभाव पारेका, विद्यार्थीहरूमा अनुशासन, असल भावनाहरू, मेलमिलाप, विद्यालयका क्रियाकलापमा सक्रियता देखाउने गुणहरूको विकास भएको महसुस गरिएको छ ।

नागरिक शिक्षाका लागि विद्यालयले के-के कार्यक्रमहरू गर्दछ भनी सोध्दा विद्यार्थीहरूले हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप हुन्छन्, वार्षिक उत्सवमा साँस्कृतिक कार्यक्रमहरू हुन्छन् । ती कार्यक्रममा भाग लिन पाउँदा आफूहरूले नयाँ कुराको अनुभूति गरेको, आफूलाई थप जिम्मेवारी महसुस भएको, समूहमा मिलेर कार्य गर्न पाइने कुरा बताए । विद्यार्थीहरूले यी क्रियाकलापहरू तल्ला कक्षाहरूबाट गर्न पाएको भए आफूहरूले धेरै कुरा सिक्न पाइने थियो भन्ने गुनासो गरेका थिए ।

आगामी दिनमा नागरिक शिक्षा सम्बन्धी विद्यालयले के कस्ता कार्यक्रमहरू गर्नुपर्दछ भनी प्र.अ., शिक्षक, वि.व्य.स. र विद्यार्थीहरूलाई राखिएको प्रश्नको जवाफमा प्र.अ. र शिक्षकले अतिरिक्त क्रियाकलाप संचालन गर्न शिक्षकहरूमा कार्य विभाजन गर्नुपर्ने, धेरैभन्दा धेरै विद्यार्थीहरूलाई सहभागी बनाउनुपर्ने, शिक्षकहरू लगायत विद्यार्थीहरूमा कडा अनुशासन कायम गर्नुपर्ने, समय-समयमा विद्यार्थीहरूलाई शैक्षिक भ्रमण लैजानुपर्ने, विद्यार्थीहरूबाट नै सडक नाटक गर्न लगाउनुपर्ने, विद्यार्थीहरूलाई पनि थप जिम्मेवारी दिनुपर्ने, समय समयमा अभिभावकहरूसँग अन्तरक्रिया गर्नुपर्ने, अन्य विद्यालयमा गई त्यहाँका गतिविधिहरू अवलोकन गर्नुपर्ने साथै राम्रा कुराहरूलाई आफ्नो विद्यालयमा कार्यान्वयनमा ल्याउनुपर्ने जस्ता जवाफ दिएको पाइयो । सोही अनुसारको वातावरण विद्यालयमा सृजना गर्न सकेमा हरेक पक्षहरूमा नागरिक शिक्षाको प्रभाव सकारात्मक पर्न गई विद्यालय, समाज राम्रो हुँदै जान्छ जसले गर्दा राष्ट्र नै सभ्य बन्न जान्छ भन्ने आशयसमेत सरोकारवालाहरुबाट व्यक्त भएको थियो ।

### ४.३.१ विद्यालयमा गरिएका कार्यहरूप्रति सरोकारवालाहरूको प्रतिक्रिया

नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालयले गरेका कार्यहरूप्रति शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. ले फरक फरक प्रतिक्रिया दिएको पाइयो । विद्यार्थीहरूले नागरिक शिक्षाको लागि विद्यालयले केही कार्याक्रमहरू सञ्चालन गरेको तर ती कार्यक्रमहरू पर्याप्त नभएको बताएका छन् । सञ्चालित कार्यक्रमहरूमा धेरैजसो चलाख विद्यार्थीले मात्र सहभागी हुने मौका पाउने तर कम चलाख विद्यार्थीहरूलाई अवसर प्राप्त नहुँदा उनीहरू निष्क्रिय रहने गरेको कुरा विद्यार्थीहरू बताउँछन् । त्यसैले विद्यालयले नागरिक शिक्षासँग सम्बन्धित अतिरिक्त क्रियाकलाप आयोजना गर्नुपर्ने, सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्नुपर्ने, दक्ष तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने, अतिरिक्त क्रियाकलाप संचालन गर्न छुट्टै शिक्षकको व्यवस्था गर्नुपर्ने र शैक्षिक भ्रमण गराउनुपर्ने प्रतिकृया प्राप्त भयो ।

अधिकांश शिक्षकहरूले विद्यालयले नागरिक शिक्षाको लागि सकारात्मक पहल गरेको तर त्यो प्रयाप्त नभएको कुरा उल्लेख गरेका छन् भने केही शिक्षकहरूले विद्यालयले खाली कोरा किताबी ज्ञानमा विद्यार्थीलाई सीमित गरी कहिलेकाहिं मात्र अतिरिक्त क्रियाकलापमा सहभागी गराइएको बताए । शिक्षकहरूका अनुसार विद्यालयले किताबी ज्ञानको साथै अतिरिक्त क्रियाकलापलाई समेत सँगसँगै लैजानुपर्ने, शैक्षिक भ्रमणहरूको आयोजना गर्नुपर्ने , शिक्षकहरूको कार्य विभाजन गरी जिम्मेवारी दिईनुपर्ने, सडक नाटकहरू संचालन गर्नुपर्ने, विभिन्न व्यक्तित्वहरूलाई आमन्त्रित गरी छलफल एवम् अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्ने, समावेशी आधारमा शिक्षा प्रदान गर्नुपर्ने, सम्पूर्ण शिक्षक, विद्यार्थीहरूलाई समान अवसर प्रदान गर्नुपर्ने कुरामा जोड दिनुपर्ने कुरा उल्लेख गरेको पाइयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले विद्यालयले अघिल्ला वर्षहरूमा भन्दा अहिले केही गर्न खोजेको जस्तो देखिएको तर त्यो पर्याप्त नभएको र यसका लागि प्र.अ., शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू, वि.व्य.स. लगाएत सम्पूर्ण सरोकारवालाहरू सक्रिय भएर लाग्नुपर्ने कुरा बताए । विद्यालयको उन्नतिको लागि विद्यालय व्यवस्थापन समिति पूर्ण रूपले सकारात्मक भएको र विद्यालय प्रशासनबाट नयाँ नयाँ कार्यक्रमहरू आउने अपेक्षा लिएको कुरा समितिका सदस्यहरूले बताए ।

# अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

प्रस्तुत अध्ययन "विद्यालय तहमा नागरिक शिक्षाको लागि गरिएका प्रयासहरू" शीर्षकमा आधारित भई निर्माण गरिएका उद्देश्यहरूको आधारमा उत्तरदाताहरूबाट सूचना संकलन गरी संकलित सूचनाहरूको विश्लेषण र व्याख्यापश्चात् निम्न अनुसार प्राप्ति, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.१ प्राप्तिहरू

अध्ययनको उद्देश्य अनुरूप संकलित सूचनाको व्याख्या र विश्लेषणपश्चात् प्राप्त नतिजा नै प्राप्ति हो । यस अध्ययनबाट प्राप्त परिणामलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- नागरिक शिक्षाले सार्वजनिक जीवनमा व्यक्तिको आचरण र भूमिकालाई मर्यादित, सचेत, सक्रिय र स्वाधीन बनाउन सहयोग गर्ने भएकोले विद्यालय तहमा नागरिक शिक्षा विषय समावेश गरेको पाइयो ।
- शिक्षा आयोगको सिफारिस २०४९ मा प्रत्येक व्यक्तिमा सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरूको सम्वर्धन गरी स्वस्थ सामाजिक जीवनको विकासका निमित्त सहयोग गर्ने कुरा उल्लेख भएको पाइयो ।
- नागरिक शिक्षाका लागि पाठ्यक्रममा नागरिकहरूबीचको अन्तरसम्बन्ध, अधिकार र कर्तव्य, राज्य उत्पत्तिका सिद्धान्त, लोकतन्त्र, लोकतान्त्रिक दल, बहुदलीय व्यवस्था, व्यवस्थापिका, न्यायपालिका, संविधान, स्वतन्त्रता, समानता, कानुन, जनमत, निर्वाचन, परराष्ट्र नीति र संयुक्त राष्ट्रसंघजस्ता विषयवस्तु समावेश गरेको पाइयो ।
- माध्यमिक तहमा ऐच्छिक विषयको रूपमा १०० पूर्णाङ्कको नागरिक शिक्षा विषय समावेश गरिएको र नागरिक शिक्षा सम्बन्धी विषयवस्तुहरू सामाजिक अध्ययन विषयमा पनि समावेश गरेको पाइयो ।
- विद्यालयमा प्र.अ., शिक्षकहरू, विद्यार्थीहरू र वि.व्य.स.को संयुक्त प्रयासमा आचारसंहिता निर्माण गरेको पाइयो ।
- विद्यालयमा नागरिक शिक्षा प्रदान गर्न अतिरिक्त क्रियाकलापहरू वादविवाद, वक्तृत्वकला, हाजिरीजवाफ, सडक नाटक, जनचेतना जगाउने खालका साँस्कृतिक कार्यक्रमहरू संचालन गरेको पाइयो ।
- समाजको परिवर्तन अनुसार समय सापेक्ष विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्नुपर्छ भन्ने कुरामा जोड दिएको पाइयो ।

- विद्यालयमा अनुशासन, असल नागरिक, असल प्रजातन्त्रवादी, असल व्यक्ति बनाउने सर्वाङ्गिण विकासमा जोड दिएको पाइन्छ ।
- विद्यार्थीहरूका अनुसार सबै पक्षलाई क्रियाशिल बनाई, कार्यविभाजन गरी, दक्ष अनुभवी तालिम प्राप्त शिक्षकद्वारा बाल केन्द्रित विधि प्रयोग गरी शिक्षण गरेमा नागरिक शिक्षाको पठनपाठन प्रभावकारी हुने कुरा भनेको पाइयो ।
- विद्यार्थीहरूको भनाइमा विद्यालयले विभिन्न क्रियाकलापमा सम्पूर्ण विद्यार्थीहरूलाई सहभागी हुने अवसर प्रदान गर्नुपर्ने, शैक्षिक भ्रमण, गोष्ठी, सेमिनार, आयोजना गरी जनचेतनाको जागरण गराउनुपर्ने कुरा उल्लेख गरेको पाइयो ।
- प्र.अ. र शिक्षकहरूका अनुसार २०४६ देखि यता विद्यार्थीहरूमा अनुशासन, आदर सत्कारजस्ता गुणहरूमा कमी आएकोले नागरिक शिक्षा मा.वि. तहको लागि आवश्यक भएको कुरा बताउनुभयो ।
- शिक्षक र विद्यार्थीहरूको आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्दा यसले विद्यालयको हरेक पक्षमा सकारात्मक परिवर्तन ल्याएको कुरा प्र.अ., शिक्षक र विद्यार्थीहरूबाट बताएको पाइन्छ ।

## ५.२ निष्कर्ष

यस अध्ययनको प्राप्तिहरूको आधारमा निकालिएका निष्कर्षलाई निम्न बमोजिम उल्लेख गरिएको छ :

यस अध्ययनमा छनौटमा परेका सरोकारवालाबाट विभिन्न प्रतिक्रियाहरू लिइएको थियो । सरोकारवालाहरूका अनुसार नागरिक शिक्षामा घरपरिवार, समाज, राष्ट्रमा मानवता, समझदारी, नैतिक आचरण, सहयोगी भावनाको विकास, आपसी मेलमिलाप, अनुशासन, शान्तिपूर्ण मनोरम वातावरण जस्ता गुणहरू विकास गर्ने विषयवस्तु समावेश भएको जसले विद्यार्थीहरूमा नैतिकता, चरित्रवान, सिर्जनशीलता, आत्मनिर्भर, आदर, सत्कार, सहयोगी भावना जस्ता गुणहरू विकास हुने र सभ्य समाज निर्माण गर्न नागरिक शिक्षाले जोड दिएको देखिन्छ ।

विद्यालयमा नागरिक शिक्षा प्रदान गर्न शिक्षक र विद्यार्थीका आचारसंहिताको निर्माण, नागरिक शिक्षा सम्बन्धी वादविवाद, हाजिरीजवाफ, वक्तृत्वकला, निबन्ध लेखन, कविता प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, विद्यार्थीहरूलाई पोशाकको व्यवस्था, जातीय भेदभावको अन्त्य, गरिब जेहन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिको व्यवस्था गरेको देखिन्छ । विद्यालयमा विद्यार्थीहरूले अतिरिक्त क्रियाकलापमा सक्रिय रूपमा सहभागिता देखाउनुपर्ने, अनुशासन, कक्षामा मिलेर बस्नुपर्ने, समयमा उपस्थिति, ७० प्रतिशत हाजिरी, आपसी सम्बन्ध स्थापना गर्ने, सहयोग र सदाचार, बालमैत्री वातावरणको सृजना, सरसफाइ, लगनशीलता जस्ता पक्षहरूमा विशेष जोड दिएको पाइन्छ ।

नागरिक शिक्षा प्रदान गर्नको लागि माध्यमिक तहमा नागरिकशास्त्र विषयलाई ऐच्छिक विषयको रूपमा समावेश गरेको पाइन्छ । साथै सामाजिक अध्ययन विषयमा समेत नागरिक शिक्षा प्रदान गर्ने खालका विषयवस्तु समावेश गरेको पाइन्छ । माध्यमिक तहको नागरिक शिक्षामा राष्ट्र, समाज, समुदाय, मानव अधिकार, स्वतन्त्रता, समानता, कानुन, संविधान, संयुक्त राष्ट्रसंघ, जनमत, निर्वाचनजस्ता विषयवस्तु समावेश भए तापनि सामाजिक रूपमा चेतना अभिवृद्धि गर्ने खालका विषयवस्तुहरू जस्तै धूमपान, लागूपदार्थ, सामाजिक अपराध, अनुशासनहीनता जस्ता विषयवस्तुलाई कम महत्व दिएको पाइन्छ । नैतिक मूल्य मान्यता र आस्थालाई संवर्धन गरी बालबालिकाहरूमा उपयुक्त चारित्रिक विकास गर्ने, राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, नागरिक कर्तव्य र व्यवहार जस्ता नागरिक शिक्षाका साथै धर्म र धार्मिक सहिष्णुता, नैतिकता, सामाजिक मूल्य मान्यता जस्ता विषय क्षेत्रमा आधारित भई माध्यमिक तहका पाठ्यपुस्तकहरू निर्माण भएको पाइन्छ ।

वर्तमान परिवेशमा द्वन्द्वको पृष्ठभूमिले गर्दा दिन प्रतिदिन अनुशासनहीनता बढिरहेको, सामाजिक र सांस्कृतिक मूल्य मान्यता खलबलिएको, सार्वजनिक सदाचार विस्थापित भएको परिस्थितिमा माध्यमिक तहमा नागरिक शिक्षा अपरिहार्य भएको महसुस गर्न सकिन्छ । त्यसैले विद्यालय तहमा शिक्षाले नागरिक शिक्षा सम्बन्धी समाजको मूल्य, मान्यता, रीतिरिवाज, चालचलन, संस्कारहरूको निर्माण र विकासमा सहयोग पुऱ्याइरहेको छ भन्न सकिन्छ ।

## ५.३ सुझावहरू

यस अध्ययनमा प्राप्त प्राप्ति तथा त्यसका आधारमा प्राप्त निष्कर्षका आधारमा नागरिक शिक्षाका विभिन्न पक्षहरूको सुधार गर्नका लागि निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

- माध्यमिक तहमा नागरिक शिक्षा विषयलाई अनिवार्य विषयको रूपमा समावेश गर्नुपर्ने,
- समय र परिस्थिति अनुसार विद्यार्थी केन्द्रित पाठ्यक्रमलाई जोड दिनुपर्ने,
- समय समयमा गोष्ठी, सेमिनारजस्ता कार्यक्रममार्फत ऐन नियम एवम् आयोगका सिफारिसहरूप्रति सरोकारवालाहरूलाई सचेत बनाउने,
- शिक्षण गर्दा बालमैत्री वातावरणको सृजना गरी शिक्षण गर्नुपर्ने,
- विद्यालयमा शिक्षक र विद्यार्थीको कार्य विभाजन गरी कार्यक्रमहरू संचालन गर्नुपर्ने,
- विद्यालयमा सामाजिक विकृतिलाई निरुत्साहित पार्ने र राम्रा खालका बानी व्यवहारको विकास गराउने खालका अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्छ,
- नागरिक गुणहरूको विकास गराउन शिक्षक, विद्यार्थी र अभिभावकबीच सुमधुर सम्बन्ध कायम गर्ने,
- विद्यालयमा शिक्षकहरूले असल व्यवहारहरू प्रदर्शन गरी असल मार्गदर्शकको भूमिका निर्वाह गर्नुपर्ने,

- नागरिक शिक्षालाई अन्य विषयवस्तुमा समावेश गरी एकीकृत पाठ्यक्रम निर्माणमा जोड दिनुपर्ने,
- विद्यालय वातावरणमा बन्द, हडताल जस्ता राजनीतिक हस्तक्षेप र प्रभावको अन्त्य गर्नुपर्ने,
- स्रोत केन्द्रहरूमा विद्यालयमा अध्यापन गर्ने शिक्षक, विद्यार्थी एवम् प्र.अ.हरूबीच समन्वय गरी विविध कार्यक्रम संचालनमा एकरूपता ल्याउने ।

## सन्दर्भ सूची


अक्सफाम नेपाल र राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल (२०६०) *जिल्लाका गा.वि.स.स्तरिय तथ्याङ्क र नक्साहरू*, नेपालः अक्सफाम नेपाल र राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल ।

गौतम, दिनानाथ (२०६७) 'नागरिक शिक्षा' *शिक्षाः शिक्षा जगतको अर्धवार्षिक पत्रिका* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

गौतम, रमेशप्रसाद (२०६६) *वर्तमान परिवेशमा नागरिक शिक्षाको भुमिका, शैक्षिक सूचना संगालो,* सानोठिमी भक्तपुरः शिक्षा विभाग ।

*नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू* (२०५९), काठमाण्डौ : आशिष पुस्तक भण्डार ।

*नेपालको अन्तरिम संविधान* (२०६३), काठमाण्डौ : वौद्धिक दर्पण प्रकाशन, काठमाण्डौ ।

परीक्षा नियन्त्रण कार्यालय (२०६६) स्व. अध्ययन सामाग्री *: निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) को शिक्षक तालिम* सानो ठिमी भक्तपुरः नेपाल सरकार शिक्षा मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०६४) *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १० ) -भाग १* सानोठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४) *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १० ) -भाग २* ।सानोठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४) *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १० )-भाग ३* ।सानोठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *सामाजिक अध्ययन (कक्षा ९),* सानोठिमी भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *सामाजिक अध्ययन (कक्षा १०),* सानोठिमी भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०५९) *नागरिकशास्त्र (कक्षा १० )* सानोठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४) *नागरिकशास्त्र (कक्षा ९ )* सानो ठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६१) *हाम्रो नागरिक तथा नैतिक शिक्षा (कक्षा ७)* सानो ठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०५७) *हाम्रो नागरिक तथा नैतिक शिक्षा (कक्षा ८ )* सानो ठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६०) *हाम्रो नागरिक तथा नैतिक शिक्षा कक्षा (कक्षा ६),* सानो ठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *निम्न माध्यमकि तहको पाठ्यक्रम,* सानो ठिमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

श्रेष्ठ, आनन्द प्रशाद र शिव राज दाहाल (२०५७) *समकालिन नेपाली समाज*। काठमाण्डौःनेफास ।

Intensive study and Research Centre (2008). *VDC Profile of Nepal: A socio-Economic Development Database of Nepal*. Kathmandu: Intensive study and Research Centre.

Husen, T. and T.Neville Pustlethwaite (1985). *The International Encyclopedia of Education (Vol.2).* New York: Pergamon Press.

Phuyal, B.P. (2009) *Civic education and democracy in Nepal: An interrelationship study (1950-2006).* An unpublished Ph.D. Thesis, Tribhuvan University, Kathmandu.

SPCE (2002), *Reflecting on civic education in Nepal, A report of Baseline survey,* Kathmandu : American Center.

## अनुसूची १

## अध्ययनका औजारहरू

### प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

प्रधानाध्यापकको नाम : अन्तर्वार्ता मिति :

विद्यालयको नाम : ठेगाना :

#### पहिलो भाग

(१) नागरिक शिक्षाकालागि वर्तमान सरकारका नीतिहरु के कस्ता छन ?

(२) नेपालका शिक्षा आयोगहरुले नागरिक शिक्षा सम्वन्धमा कुन कुन कुराहरुलाई नीतिगत रुपमा सिफारीस गरेका छन ?

(३) नागरिक शिक्षा सम्वन्धी वनेका नीतिहरुको प्रभाव कस्तो छ ?

(४) नागरिक शिक्षाका वर्तमान नीति, ऐन र नियमहरु प्रभावकारी छन कि छैनन ?

(५) नागरिक शिक्षाका लागि के कस्ता नीति, ऐन र नियम आवश्यक छन् ?

#### दोस्रो भाग

(६) विद्यालय तहको पाठ्यक्रममा नागरिक शिक्षालाई के कसरी समावेस गरिएको छ ?

(७) नागरिक शिक्षाका लागि पाठ्यक्रममा कुन कुन विषयवस्तु क्षेत्रगत रुपमा समावेस गरिएका छन ?

| कक्षा | विषय | क्षेत्र | विषयवस्तु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(८) पाठ्यपुस्तकमा राष्ट्रियतालाई कति जोड दिइएको छ ?

(९) नागरिक शास्त्रको विषयवस्तुले विद्यार्थीहरुको सिकाइ र व्यवहार निर्माणमा कस्तो प्रभाव पारेको छ ?

(१०) नागरिक शिक्षाका लागि विषयगत उद्देश्य के के उल्लेख गरिएको छ ?

#### तेस्रो भाग

(११) नागरिक शिक्षाका लागि विद्यालयले गरेका प्रयासहरु के के छन ?

(१२) नागरिक शिक्षाका लागि पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुको कक्षा शिक्षण बाहेक अन्य कुन कुन क्रियाकलापहरु गर्नु भएको छ ?

(१३) नागरिक शिक्षा सम्वन्धि विषयवस्तुको पठनपाठन र क्रियाकलापले विद्यार्थीको व्यवहार निर्माणमा कस्तो परिवर्तन आएको छ ?

(१४) नागरिक शिक्षा सम्वन्धी विद्यालयले गर्नु पर्ने अन्य थप कार्यहरु के के हुन सक्छन ?

विधालयको छाप :

## अनुसूची २

## शिक्षकका लागि प्रश्नावली

विद्यालयको नाम : अर्न्तवार्ता मितिः
शिक्षकको नाम : ठेगाना :
अध्यापनरत विषयहरूः

### पहिलो भाग

(१) नागरिक शिक्षा सम्वन्धी ऐन नियमहरु के कस्ता छन ?

(२) नागरिक शिक्षा सम्वन्धी आयोगका सिफारिसहरु के कस्तो लाग्छ ?

(३) नागरिक शिक्षाका लागि वनेका राम्रा नीतिहरु के के होलान ?

(४) नागरिक शिक्षाका लागि कस्ता नीति वनाउनु पर्छ ?

(५) ती नीतिहरु कसरी वनाउन सकिएला ?

### दोस्रो भाग

(६) नागरिक शिक्षाका लागि अहिलेको शिक्षाको उद्देश्य कस्तो छ ?

क) राष्ट्रिय उद्देश्य :

ख) माध्यमिक तहको उद्देश्यः

ग) समुदायको उद्देश्यः

घ) निम्न माध्यमिक तहको उद्देश्यः

(७) नागरिक शिक्षा सम्वन्धी एकाईहरु र पाठ्यांशहरु के कस्ता छन ?

(८) विद्यालयमा नागरिक शिक्षा सम्वन्धी कस्ता कस्ता विषयवस्तुको क्षेत्रहरु समावेस गरिएका छन ?

(९) नागरिक शिक्षाको विषयवस्तुले कस्तो प्रभाव पारेको छ ?

### तेस्रो भाग

(१०) नागरिक शिक्षाका लागि विद्यालयले कस्तो भुमिका खेलेको पाउनुहुन्छ ?

(११) नागरिक शिक्षालाई सुदृढ पार्न विद्यालयले कस्ता प्रयासहरु गरेको छ ?

(१२) तपाईले विद्यालय भित्र नागरिक शिक्षा प्रवर्द्धन गर्न कस्ता तरिकाहरु अपनाउनु भएको छ ?

(१३) विद्यालयले नागरिक शिक्षाका लागि गर्नुपर्ने कार्यहरु के के हुन ?

## अनुसूची ३

## विद्यार्थीको लागि प्रश्नावली

विद्यालयको नाम : कक्षा :

विद्यार्थीको नाम : ठेगाना :

### पहिलो भाग

(१) असल नागरिक बनाउनका लागि नेपालको ऐन नियमको व्यवस्था तिमीलाई कस्तो लाग्छ ?

(२) विद्यार्थीलाई असल नागरिक बनाउनका लागि विद्यालयका नियमहरू के के छन् ?

(३) कक्षाका नियमहरू तिमीलाई कस्तो लाग्छ ?

(४) राम्रा र महत्त्वपूर्ण नियमहरू के के छन् ?

५) अन्य के के नियमहरू बनाउनुपर्छ ?

(६) ती नियमहरूको कसरी कार्यान्वयन गर्नुपर्छ ?

### दोस्रो भाग

(७) नागरिक शिक्षासँग सम्बन्धित चाहनाहरू के के छन् ?

अ) विद्यार्थीको चाहना

आ) परिवारको चाहना

इ) समुदायको चाहना

(८) तिमीले पढेका पाठ्यपुस्तकहरूमा के के विषयवस्तुहरू छन् ?

अ) असल नागरिक बन्नका लागि के के विषयवस्तुहरू आवश्यक छन् ?

आ) कसरी विषयवस्तुलाई प्रभावकारी बनाउन सकिन्छ ?

इ) ती विषयवस्तुलाई रुचिपूर्ण बनाउन के गर्नुपर्ला ?

### तेस्रो भाग

(९) नागरिक शिक्षासँग सम्बन्धित विद्यालयमा के के अतिरिक्त क्रियाकलापहरू गरिन्छन् ?

(१०) उक्त क्रियाकलापहरू कसरी संञ्चालन गरिन्छन् ?

(११) त्यसको प्रभाव कस्तो लाग्छ ?

(१२) असल नागरिक र असल समाजसँग सम्बन्धित विषयवसतुहरू कसरी पढाउने गरिएको छ र कसरी पठन पाठन गर्नु राम्रो हुन्छ ?

(१३) विद्यालयले अन्य के के क्रियाकलापहरू गर्नुपर्दछ जस्तो लाग्छ ?

(१४) हामी कसरी असल नागरिक बन्न सक्छौ ?

(१५) हामीले कसरी असल समुदाय बनाउन सक्छौं ?

(१६) हाम्रो देशलाई बलियो बनाउन के के गर्नुपर्छ होला ?

(१७) हाम्रो देशमा कसरी सुशासन आउन सक्छ ?

## अनुसूची ४

## विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

विद्यार्थीहरूको नाम : (१) ____________________ (२) ____________________

(३) ____________________ (४) ____________________

(५) ____________________ (६) ____________________

विद्यालयको नाम :

### (क) नीतिसम्बन्धी

(१) नागरिक शिक्षाको नीतिको बारेमा तिमीहरूको धारणा र विचार के छ ?

(२) विद्यालयका आंचार संहिताहरू के कस्ता छन् ?

(३) सुधार्नुपर्ने कुराहरू के के छन् ?

### (ख) पाठ्यक्रमसम्बन्धी

(४) नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरू के के छन् ?

(५) उक्त विषयवस्तुहरू मध्ये कुन कुन विषयवस्तु नागरिक शिक्षाको लागि राम्रो लाग्छ ?

(६) नागरिक शिक्षाका लागि कुन विषयमा राम्रोसँग दिएको जस्तो लाग्छ ?

(७) नागरिक शिक्षाका लागि कस्तो विषयवस्तु हुनु आवीश्यक छ ?

### (ग) विद्यालयका प्रयासहरू

(८) असल नागरिक बनाउनका लागि शिक्षकले कक्षाभित्र के के क्रियाकलाप गराउँछन् ?

(९) असल नागरिक बनाउनका लागि शिक्षकले कक्षा बाहिर के के क्रियाकलाप गराउँछन् ?

(१०) उक्त क्रियाकलाप कसरी गराउँछन् ।

(११) विद्यालयले के के क्रियाकलाप गर्नु आवश्यक छ ?

(१२) ती क्रियाकलापहरू कसरी गराउनु पर्छ ?

सहभागीहरूको सही : (१) ____________________ (२) ____________________

(३) ____________________ (४) ____________________

(५) ____________________ (६) ____________________

## अनुसूची ५

## विद्यालय व्यवस्थापन समितिका लागि लक्षित समूह छलफल निर्देशिका

विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको नाम:

(१) ____________________ (२) ____________________

(३) ____________________ (४) ____________________

(५) ____________________ (६) ____________________

(७) ____________________ (८) ____________________

(९) ____________________ (१०) ____________________

विद्यालयको नाम : ठेगाना :

### (क) नीतिसम्बन्धी

(१) विद्यार्थीलाई असल नागरिक बनाउने बारेमा सरकारका नीति नियमहरू के के छन् जस्तो लाग्छ ?

अ) ती नीतिनियमका कुराहरू तपाईलाई कस्तो लाग्छ ?

आ) राम्रा-राम्रा नीति नियमहरू के के छन् ?

इ) सरकारका के के नीतिनियमहरू हुनुपर्छ र कस्तो हुनुपर्छ ?

ई) कसरी त्यस्ता नीतिनियम बनाउन सकिन्छ ?

### (ख) पाठ्यक्रमसम्बन्धी

(२) परिवारको चाहना कस्तो छ ?

(३) विद्यार्थीको चाहना कस्तो छ होला ?

(४) कुन कुन समुदायको चाहना कस्तो छ ?

(५) शिक्षाको उद्देश्य कस्तो हुनुपर्छ ?

(६) असल नागरिक बन्नका लागि विद्यार्थीहरूले के के विषयवस्तुहरू पढेका छन् ?

(७) असल नागरिक बनाउनका लाीग आवश्यक विषयवस्तुहरू के के हुनुपर्छ होला ?

(८) ती कुराहरू कसरी सिकाउनु राम्रो हुन्छ ?

### (ग) विद्यालयका प्रयासहरू

(९) विद्यालय जाने गरेपछि बालबालिकाको कुन कुन व्यवहारमा कस्तो परिवर्तन भए जस्तो लाग्छ ?

(१०) विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले के के कार्यहरू गर्दै आएको छ ?

अ) अरु के के गर्नु आवश्यक छ ?

आ) कसरी गर्न सकिन्छ ?

## अनुसूची ६

## स्रोत व्यक्ति/विद्यालय निरीक्षकका लागि अन्तर्वार्ता फाराम

स्रोत व्यक्ति/विद्यालय निरीक्षकको नाम : मिति :

ठेगाना :

### (क) नीतिसम्बन्धी

(१) नागरिक शिक्षाका बारेमा नेपालका विभिन्न शिक्षा आयोगका सिफारिसहरू कस्तो छन् ?

(२) नागरिक शिक्षकका लागि नेपालको शिक्षा ऐन र नियमको व्यवस्था तपाईलाई कस्तो लाग्छ ?

अ) २०६३ भन्दा अघि र पछिका नीतिहरू तपाईलाई कस्तो लाग्छ ?

आ) राष्ट्रिय स्तरको नीति

इ) जिल्लास्तरको नीति

ई) विद्यालय स्तरको नीति

उ) आचारसंहिता कस्तो लाग्छ ?

(३) सुधार गरिएका नीतिहरू के के छन् र ती नीतिहरू कस्तो लाग्छ ?

(४) अहिलेका राम्रा खालका नीतिहरू के के छन् ?

(५) ती नीतिहरूका प्रभावहरू कस्तो परेका छन् ?

(६) कस्तो नीतिनियमहरू भए नागरिक शिक्षाका लागि राम्रो हुन्थ्यो होला ?

(७) ती नीति नियमहरू कसरी बनाउन सकिन्छ होला ?

### (ख) पाठ्यक्रमसम्बन्धी

(८) नागरिक शिक्षासम्बन्धित उद्देश्यहरू कस्तो लाग्छ ?

(९) अहिलेको विद्यालयस्तरको पाठ्यक्रम तपाईलाई कस्तो लाग्छ ?

(१०) नागरिक शिक्षाका लागि छुट्याइएका एकाई पाठ्यभार र पूर्णाङ्क कस्तो लाग्छ ?

### (ग) विद्यालयका प्रयासहरू

(११) यस जिल्ला भरीका श्रोत केन्द्रमा विगत एक वर्षमा नागरिक शिक्षासम्बन्धी क्रियाकलापहरू के के गरिएका थिए :?

अ) उक्त क्रियाकलापहरू कसरी गरिए ?

आ) त्यसमा सहभागिता कस्तो थियो ?

- शिक्षक
- प्रधानाध्यापक
- विद्यार्थी
- अभिभावक

इ) शिक्षकको व्यवहार कस्तो लाग्छ ?

ई) विद्यार्थीको व्यवहार कस्तो लाग्छ ?

(१२) विद्यालयको वातावरण कस्तो लाग्छ ?

(१३) विद्यालयमा के के क्रियाकलापहरू राम्रा र महत्त्वपूर्ण छन् ?

अ) गर्नुपर्ने कार्यहरू के के छन् ?

आ) गर्ने तरिकाहरू के के छन् ?

## अनुसूची ७

## उत्तरदाताहरुको विवरण

| क्र. स. | नाम | पद | ठेगाना | अन्तर्वार्ता मिति | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ८

## अध्ययनको छनोटमा परेका विद्यालय

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री सूर्योदय मा.वि. | जुभुङ्ग-५, गुल्मी |
| २ | श्री काब्रेपोखरी मा.वि. | जुभुङ्ग-२, गुल्मी |

### प्रधानाध्यापकहरुको विवरण

| क.सं. | नाम | जाति | विद्यालय | ठेगाना |
|---|---|---|---|---|
| १ | श्री श्रीराज खड्का | क्षेत्री | श्री सूर्योदय मा.वि. | जुभुङ्ग-३, गुल्मी |
| २ | श्री तेजेन्द्र खड्का | क्षेत्री | श्री काब्रेपोखरी मा.वि. | जुभुङ्ग-२, गुल्मी |

### शिक्षकहरुको विवरण

| क.सं. | नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | श्री डिलबहादुर खड्का | श्री सूर्योदय मा.वि. |
| २ | श्री खिमबहादुर थापा | श्री सूर्योदय मा.वि. |
| ३ | श्री सूर्यप्रसाद गौतम | श्री सूर्योदय मा.वि. |
| ४ | श्री फर्शूराम पाण्डेय | श्री काब्रेपोखरी मा.वि. |
| ५ | श्री ज्ञानबहादुर खड्का | श्री काब्रेपोखरी मा.वि. |
| ६ | श्री प्रकाश पौडेल | श्री काब्रेपोखरी मा.वि. |

### छनोटमा परेका विद्यार्थीहरुको नामावली

| क.सं. | विद्यार्थीको नाम थर | विद्यालय |
|---|---|---|
| १ | तोलजीत थापा मगर | श्री सूर्योदय मा.वि. |
| २ | सरस्वती गौतम | श्री सूर्योदय मा.वि. |
| ३ | पर्वत गौतम | श्री सूर्योदय मा.वि. |
| ४ | प्रशान्त खड्का | श्री सूर्योदय मा.वि. |
| ५ | विमल खड्का | श्री सूर्योदय मा.वि. |
| ६ | युवराज रजाली | श्री सूर्योदय मा.वि. |
| ७ | नारायणी रास्कोटी | श्री सूर्योदय मा.वि. |
| ८ | श्रीषा बलाल | श्री सूर्योदय मा.वि. |
| ९ | खुमा रजाली | श्री सूर्योदय मा.वि. |
| १० | अमृता गाहा | श्री सूर्योदय मा.वि. |
| ११ | आकृति थापा | श्री सूर्योदय मा.वि. |
| १२ | मनिषा बलाल | श्री सूर्योदय मा.वि. |
| १३ | दिपा बलाल | श्री सूर्योदय मा.वि. |
| १४ | सञ्जु गौतम | श्री सूर्योदय मा.वि. |
| १५ | रेखा खड्का | श्री सूर्योदय मा.वि. |
| १६ | शिव श्रेष्ठ | श्री सूर्योदय मा.वि. |
| १७ | श्रीप्रसाद फुङ्जेली | श्री सूर्योदय मा.वि. |
| १८ | शोवबहादुर बलाल | श्री सूर्योदय मा.वि. |
| १९ | सौरभ श्रेष्ठ | श्री सूर्योदय मा.वि. |
| २० | अनिल मुखिया | श्री सूर्योदय मा.वि. |
| २१ | सविता ज्ञवाली | श्री काब्रेपोखरी मा.वि. |
| २२ | सविता गौतम | श्री काब्रेपोखरी मा.वि. |

| | | |
|---|---|---|
| २३ | प्रमिशा राना | श्री काब्रेपोखरी मा.वि. |
| २४ | सन्ध्या घर्ती | श्री काब्रेपोखरी मा.वि. |
| २५ | पुरन खासु | श्री काब्रेपोखरी मा.वि. |
| २६ | कमल खासु | श्री काब्रेपोखरी मा.वि. |
| २७ | टार्जन खासु | श्री काब्रेपोखरी मा.वि. |
| २८ | सुवास थापा | श्री काब्रेपोखरी मा.वि. |
| २९ | महेश गौतम | श्री काब्रेपोखरी मा.वि. |
| ३० | शिशिर श्रेष्ठ | श्री काब्रेपोखरी मा.वि. |
| ३१ | पूर्ण खासु | श्री काब्रेपोखरी मा.वि. |
| ३२ | कुमार खासु | श्री काब्रेपोखरी मा.वि. |
| ३३ | रोशन राना | श्री काब्रेपोखरी मा.वि. |
| ३४ | मदन गाहा | श्री काब्रेपोखरी मा.वि. |
| ३५ | भिमा खासु | श्री काब्रेपोखरी मा.वि. |
| ३६ | रिता रजाली | श्री काब्रेपोखरी मा.वि. |
| ३७ | हेमा राना मगर | श्री काब्रेपोखरी मा.वि. |
| ३८ | रिता रास्कोटी | श्री काब्रेपोखरी मा.वि. |
| ३९ | सावित्री पल्ली | श्री काब्रेपोखरी मा.वि. |
| ४० | मनिसा रजाली | श्री काब्रेपोखरी मा.वि. |

**अन्तरवार्तामा सहभागी विद्यालय निरीक्षक र स्रोत व्यक्तिको विवरण**

| क.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | चन्द्रबहादुर खड्का | विद्यालय निरीक्षक | गोर्खा |
| २ | धनबहादुर पाण्डेय | स्रोतव्यक्ति | विरबास, गुल्मी |

**विद्यालय व्यबस्थापन समितीका सदस्यहरुको विबरण**

| क.सं. | नाम | पद | विद्यालय |
|---|---|---|---|
| १ | श्री मोती कुमार गौतम | अध्यक्ष | श्री सूर्योदय मा.वि. |
| २ | सुवेदार श्री केशर सिं सारु | सदस्य | श्री सूर्योदय मा.वि. |
| ३ | श्री लोक बहादुर गौतम | सदस्य | श्री सूर्योदय मा.वि. |
| ४ | श्री देवी राना | सदस्य | श्री सूर्योदय मा.वि. |
| ५ | श्री रामप्रसाद श्रेष्ठ | सदस्य | श्री सूर्योदय मा.वि. |
| ६ | श्री टेकराज गौतम | सदस्य | श्री सूर्योदय मा.वि. |
| ७ | श्री दुर्गा प्रसाद श्रेष्ठ | सदस्य | श्री सूर्योदय मा.वि. |
| ८ | श्री झक बहादुर वि.क. | सदस्य | श्री सूर्योदय मा.वि. |
| ९ | श्री खिम बहादुर थापा (क) | सदस्य | श्री सूर्योदय मा.वि. |
| १० | श्री श्रीराज खड्का | सदस्य -सचिव | श्री काब्रेपोखरी मा.वि. |
| ११ | श्री छविलाल गौतम | अध्यक्ष | श्री काब्रेपोखरी मा.वि. |
| १२ | श्री ज्ञान बहादुर खड्का | सदस्य | श्री काब्रेपोखरी मा.वि. |
| १३ | श्री प्रेम बहादुर थापा | सदस्य | श्री काब्रेपोखरी मा.वि. |
| १४ | श्री झक बहादुर वि.क. | सदस्य | श्री काब्रेपोखरी मा.वि. |
| १५ | श्री रुन्जता खड्का | सदस्य | श्री काब्रेपोखरी मा.वि. |
| १६ | श्री खिम बहादुर थापा (ख) | सदस्य | श्री काब्रेपोखरी मा.वि. |
| १७ | श्री जगर सिं थापा | सदस्य | श्री काब्रेपोखरी मा.वि. |
| १८ | श्री नेत्र बहादुर थापा | सदस्य | श्री काब्रेपोखरी मा.वि. |
| १९ | श्री सन्त बहादुर थापा | सदस्य | श्री काब्रेपोखरी मा.वि. |
| २० | श्री तेजेन्द्र खड्का | सदस्य -सचिब | श्री काब्रेपोखरी मा.वि. |

# अनुसूची ९

## नेपालमा निम्नमाध्यामिक र माध्यामिक विद्यालय तहको पाठ्यक्रमको ढाँचा

**निम्न माध्यमिक तहको पाठ्यक्रम ढाँचा :**

(क) साधारण विद्यालय

| क.सं. | विषयहरु | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ५ | १०० | ५ | १०० | ५ | १०० |
| २ | गणित | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ३ | अंग्रेजी | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ४ | सामाजिक शिक्षा | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ५ | विज्ञान | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ६ | स्वास्थ्य र शारीरिक शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ७ | संस्कृत/नागरिक तथा नैतिक शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ८ | जनसंख्या र वातावरण शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ९ | कला वा पूर्व व्यावसायिक | ३ | ५० | ३ | ५० | ३ | ५० |
| | जम्मा | ३९ | ७०० | ३९ | ७०० | ३९ | ७०० |

(ख) संस्कृत विद्यालय

| क.सं. | विषयहरु | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ५ | १०० | ५ | १०० | ५ | १०० |
| २ | गणित | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ३ | अंग्रेजी | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ४ | सामाजिक शिक्षा | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ५ | विज्ञान | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ६ | स्वास्थ्य र शारीरिक शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ७ | संस्कृत, व्याकरण र अनुवाद | ३ | १०० | ३ | १०० | ३ | ५० |
| ८ | जनसंख्या र वातावरण शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ९ | संस्कृत भाषा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| | जम्मा | ३९ | ७०० | ३९ | ७०० | ३९ | ७०० |

(ग) संस्कृत विद्यालय (वेद विद्याश्रम)

| क.सं. | विषयहरु | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ५ | १०० | ५ | १०० | ५ | १०० |
| २ | गणित | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ३ | कर्मकाण्ड अथवा ज्योतिष | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ४ | सामाजिक शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ५ | वेद अथवा नीतिशास्त्र | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ६ | संस्कृत, व्याकरण र अनुवाद | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ७ | जनसंख्या र वातावरण शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ८ | संस्कृत भाषा | ५ | १०० | ५ | १०० | ५ | १०० |
| | जम्मा | ३९ | ७०० | ३९ | ७०० | ३९ | ७०० |

**माध्यमिक विद्यालयको पाठ्यक्रमको ढाँचा :**

(क) साधारण माध्यमिक विद्यालय

| क.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | गणित | ५ | १०० |
| ३ | अंग्रेजी | ५ | १०० |
| ४ | विज्ञान | ५ | १०० |
| ५ | सामाजिक शिक्षा | ५ | १०० |
| ६ | स्वास्थ्य, जनसंख्या र वातावरण | ४ | १०० |
| ७ | ऐच्छिक प्रथम पत्र | ५ | १०० |
| ८ | ऐच्छिक द्वितीय पत्र | ५ | १०० |
| | जम्मा | ३९ | ८०० |

(अ) ऐच्छिक प्रथम पत्रमा निर्धारित विषयहरु (कुनै एक विषयमात्र)

(क) भाषासमूह

| | | |
|---|---|---|
| १. नेपाली | २. अंग्रेजी | ३. फ्रेन्च |
| ४. रसियन | ५. जर्मन | ६. स्पानिस |
| ७. चिनियाँ | ८. हिन्दी | ९. जापानी |
| १०. बङ्गाली | ११. उर्दू | १२. तिब्बती |
| १३. संस्कृत | १४. ग्रीक | १५. ल्याटिन |
| १६. अरेबिक | १७. पर्सियन | १८. हिब्रु |
| १९. मैथिली | २०. नेवारी | २१. अवधी |
| २२. भोजपुरी | | |

(ख) मानविकी तथा सामाजिक शास्त्रसमूह

| | |
|---|---|
| १. इतिहास | २. भूगोल |
| ३. नागरिक शास्त्र | ४. अर्थशास्त्र |
| ५. समाजशास्त्र | ६. जनसंख्या शिक्षा |
| ७. वातावरण विज्ञान | |

(ग) अतिरिक्त गणित

(आ) ऐच्छिक द्वितीय पत्रमा निर्धारित विषयहरु (कुनै एक विषयमात्र)

| | | |
|---|---|---|
| १. कृषि शिक्षा | २. शिक्षा | ३. कार्यालय सञ्चालन र लेखा |
| ४. कम्प्युटर विज्ञान | ५. गृह विज्ञान | ६. वेतबाँसशिल्प शिक्षा |
| ७. संगीत | ८. बाद्ययबादन | ९. नृत्य |
| १०. चित्रकला | ११. बास्तुकला | १२. हस्तकला |
| १३. खाद्यविज्ञान | १४. बस्त्रसिलाइबुनाइ | १५. लेखापरिक्षण |
| १६. टाईपिङ र सर्टह्याण्ड | १७. फोटोग्राफी (छविकला) | १८. आयुर्वेद |
| १९. प्राकृतिक चिकित्सा | २०. योग शिक्षा | २१. पत्रकारिता |
| २२. स्वास्थ्य र शारीरिक | २३ औद्योगिक शिक्षा | २४ प्रारम्भिक बाल विकास शिक्षा |

(ख) संस्कृत माध्यमिक विद्यालय

१. संस्कृत माध्यमिक विद्यालय

| क.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | गणित | ५ | १०० |
| ३ | अंग्रेजी | ५ | १०० |
| ४ | विज्ञान | ५ | १०० |
| ५ | सामाजिक शिक्षा | ४ | १०० |
| ६ | अनिवार्य संस्कृत भाषा | ५ | १०० |
| ७ | ऐच्छिक प्रथम पत्र (कुनै एक)<br>१. वेद २. व्याकरण<br>३. न्याय ४. ज्योतिष<br>५. साहित्य ६. नीति शास्त्र | ५ | १०० |
| ८ | ऐच्छिक द्वितीय पत्र (कुनै एक)<br>१. कर्मकाण्ड २. आयुर्वेद<br>३. फलित ज्योतिष ४. योग शिक्षा<br>५. प्राकृतिक चिकित्सा ६.गृह विज्ञान<br>७. अतिरिक्त गणित ८. शिक्षा | ५ | १०० |
| | जम्मा | ३९ | ८०० |

२. वेदविश्राम संस्कृत माध्यमिक विद्यालय

| क.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | गणित | ५ | १०० |
| ३ | सामाजिक शिक्षा | ५ | १०० |
| ४ | संस्कृत व्याकरण + अनुवाद | ५ | १०० |
| ५ | संस्कृत भाषा + साहित्य | ५ | १०० |
| ६ | वेद वा नीतिशास्त्र | ५ | १०० |
| ७ | कर्मकाण्ड वा फलित ज्योतिष | ४ | १०० |
| ८ | १. आयुर्वेद २.प्राकृतिक चिकित्सा ३.योग शिक्षा ४. तर्क संग्रह (यीमध्ये कुनै एक विषय) | ५ | १०० |
| | जम्मा | ३९ | ८०० |